# NepalClicks

Premium 2



ढुकुटीमा पैसा,
बजारमा सन्नाटा

जनताको बचत
बैंकको पेवा होइन

## समृद्धिको नयाँ ब्लुप्रिन्ट

- `हजार मेगावाटका आयोजना बनाउन विदेशी लगानीकर्ता गुहार्नु पर्दैन´
- मध्यपूर्वमा युद्धको राप र रेमिट्यान्सको भविष्य



# Your health our Concern

'स्वास्थ्य र राष्ट्रका लागि एक सङ्कल्प'

## Key Product

**AMLOKIN**
Amlodipine 2.5 mg / 5 mg / 10 mg Tablets

**AMLOKIN-L**
Amlodipine 5 mg & Losartan Potassium 50 mg Tablets

**LOPACE**
Losartan Potassium 25 mg / 50 mg Tablets

**LOPACE-H**
Losartan Potassium 50 mg & Hydrochlorothiazide 12.5 mg Tablets

**TELMAX**
Telmisartan 20 mg / 40 mg / 80 mg Tablets

**ROSUCARD**
Rosuvastatin 5 mg / 10 mg / 20 mg Tablets

**ALIP**
Atorvastatin 10 mg / 20 mg / 40 mg Tablets

**MEGAMET**
Metformin Hydrochloride 500 mg / 850 mg SR / 1000 mg SR Tablets

**EMFLO**
Empagliflozin 5 mg / 10 mg / 25 mg Tablets

**LINAGIT**
Linagliptin 5 mg Tablets

**TICABIT**
Ticagrelor 90 mg Tablets

**CARVE**
Carvedilol 3.125 mg/ 6.25 mg/ 12.5 mg Tablets

**CILNIDIN**
Cilnidipine 5 mg / 10 mg / 20 mg Tablets

**NEBIVAS**
Nebivolol 5 mg Tablets

**MEGAMET-S**
Metformin HCl 500 mg / 1000 mg & Sitagliptin 50 mg Tablets

**AZOBACT**
Azithromycin 250 mg / 500 mg Tablets

**EZERAB**
Rabeprazole 20 mg Tablets

**HYOTIK**
Hyoscine Butyl Bromide 10 mg / 20 mg Tablets

**PARAFAST**
Paracetamol 500 mg Tablets

**IBUMATE**
Ibuprofen 400 mg & Paracetamol 325 mg Tablets

**MONLET**
Montelukast 10 mg & Levocetirizine HCl 5 mg Tablets

**HISTAFIX**
Fexofenadine HCl 120 mg / 180 mg Tablets

**LEVOGIT**
Levocetirizine HCl 5 mg Tablets

**SEFCOLD**
Paracetamol 500 mg, Chlorpheniramine Maleate 4 mg & Phenylephrine HCl 10 mg Tablets

**LEVONEXT**
Levofloxacin 750 mg / 500 mg Tablets

**RIFATON**
Rifaximin 550 mg Tablets

**NAPRO**
Naproxen 250 mg / 500 mg Tablets

**OMGYL DF**
Metronidazole 400 mg & Diloxanide Furoate 500 mg Tablets

**ITRAFIX**
Itraconazole 100 mg Capsules

**OMGESIC**
Aceclofenac 100 mg Tablets

**ORMID**
Ornidazole 500 mg Tablets

**UFEEL**
Tadalafil 10 mg Tablets

**MOVIGIT**
Itopride HCl 50 mg Tablets

**FEBUTAB**
Febuxostat 40 mg Tablets

**ASMADOX**
Doxofylline 200 mg / 400 mg Tablets

**MEGALIN**
Pregabalin 75 mg / 150 mg Capsules

**MEGALIN- M**
Methylcobalamin 750 mcg / 1500 mcg & Pregabalin 75 mg Capsules

Om Megashree
-PHARMACEUTICALS-
your health, our concern
स्वास्थ्य र राष्ट्रका लागि एक सङ्कल्प

Nepal's 1st IPO Listed Pharmaceuticals Company

**Corporate Office:** Lakhe Chaur Marg, New Baneshwor-10 Kathmandu, Nepal, **Ph:** +977-01-5244310, **Factory:** Bharatpur Metropolitan-29 Jugedi Chitwan, Nepal, **Email:** info@ommegashreepharmaceuticals.com, **Web:** https://ommegashreepharmaceuticals.com


Life
Non Stop
रहौं सधैं ON
Ncell
PRICE घट्यो,
65% OFF
VALUE बढ्यो!
अब Rs. 1999 हैन
UNLIMITED
DATA & CALLS
मात्र Rs.699 मा 28 days
Buy Now on Ncell App or *123#
*T&C apply






**SINGATI HYDRO ENERGY LTD.**

Redg no. 72937/066-067

Kotal Marga, Near Gahanapokhari, Kathmandu

Tel : 01-4443203,4443202

Email : shehydro@gmail.com

Url: www.singatihydro.com

## यसभित्र





१७ उद्योग
औद्योगिक विकासका लागि एकीकृत रणनीति जरुरी



१२ संकट चिर्ने औषधी
उदारीकरणको दोस्रो अध्याय



४८
नेपालमा वैदेशिक लगानीः नीति सुध्रिए पनि किन बढेन लगानीकर्ताको विश्वास ?



२० जलविद्युत्‌को बैंक-कथाः
२ अर्बको कर्जा कसरी पुग्यो साढे ४ खर्ब

बालेन सरकार र अर्थतन्त्र १५ दिनमै सुधार सम्भव छ ! ८
जनताको बचत बैंकको पेवा होइन १६
ढुकुटीमा पैसा, बजारमा सन्नाटा २८
'हजार मेगावाटका आयोजना बनाउन विदेशी लगानीकर्ता गुहार्नु पर्दैन' ३४
घरजग्गामा फसेको लगानी र बैंकिङ भविष्य ३८
पैसा बाँड्ने हातमा 'राहदानी'ः आन्तरिक रेमिट्यान्स बन्दपछि हजारौं एजेन्ट विदेशिन बाध्य ५५
मध्यपूर्वमा युद्धको राप र रेमिट्यान्सको भविष्य ५८

४२
नीति तथा कार्यक्रम
सबृद्धिको नयाँ ब्लुप्रिन्ट




# योजनाको थुप्रो हैन, प्रभावकारी नतिजा

बाह्य मन्दीको बाछिटा र आन्तरिक सुस्तताको चेपुवामा परेको नेपाली अर्थतन्त्र अहिले निर्णायक मोडमा छ । नयाँ राजनीतिक शक्ति, जनअपेक्षाको भारी र 'बिग पुस'को महत्त्वकांक्षी नारा बोकेको वर्तमान सरकारसामु अब केवल सुन्दर नीति बुन्ने विलासिता छैन, बरु ती नीतिलाई नागरिकले अनुभूत गर्ने गरी नतिजामा रूपान्तरण गर्ने अग्निपरीक्षा सुरु भएको छ ।

कोरोनापछि मुलुकको अर्थतन्त्र सुस्त गतिमा चलिरहेको छ र त्यसको असर समग्र अर्थतन्त्रमा देखिएको छ । अझ गम्भीर चुनौती आउने संकेत देखिएकाले सरकार थप संयमित र व्यवहारिक हुनुपर्ने अवस्था छ ।

गत फागुन २१ को आमनिर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई नयाँ शक्तिको रुपमा स्थापित गरेको छ । सरकारले शासकीय सुधार र अर्थतन्त्रलाई गति दिनेलगायत १०० दिने कार्यक्रम सार्वजनिक गरिसकेको छ । आगामी आर्थिक वर्षका लागि नयाँ नीति तथा कार्यक्रम संसद्बाट पारित भइसकेको छ भने जेठ १५ मा नयाँ बजेट आउँदैछ ।

समस्याग्रस्त अर्थतन्त्रलाई बलियो बनाउने जिम्मेवारी अर्थशास्त्री डा. स्वर्णिम वाग्लेको काँधमा छ । सरकारले आगामी दशकमा औसत ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्दै नेपाललाई सम्मानजक मध्यम आय भएको मुलुक बनाउने लक्ष्यसहित 'नयाँ चरणको आर्थिक सुधार श्रृङ्खला'को घोषणा गरेको छ । यसका लागि बृहत् कानुनी र संस्थागत सुधारको थालनी गर्ने भनिएको छ । सुस्त अर्थतन्त्रलाई चलायमान बनाउन बजेटमार्फत वास्तविक 'बिगपुस' आवश्यक छ ।

हाल बैंकहरूको ब्याजदर एकल अंक र इतिहासकै न्यून बिन्दुमा पुगे पनि उद्यमीहरू लगानी विस्तारमा उत्साही देखिएका छैनन् । केही ठूला व्यवसायी पकाउ परेपछि निजी क्षेत्र त्रसित बनेको छ र व्यावसायिक वातावरण केही खल्बलिएजस्तो देखिन्छ ।

सरकारले मिलेमतोमा राज्य दोहन गर्नेलाई संरक्षण नगर्ने स्पष्ट पारेको छ । राज्य दोहन गर्नेलाई कारबाही गरे पनि निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्न आवश्यक छ । किनकि अर्थतन्त्रमा ८१ प्रतिशत योगदान दिँदै आएको निजी क्षेत्र अर्थतन्त्रको इन्जिन हो, निजी क्षेत्रको साथबिना समृद्धि हासिल गर्नु सम्भव छैन ।

अर्कोतर्फ अमेरिकी डलर र कच्चा तेलको मूल्यवृद्धिले थप दबाब सिर्जना गरेको छ । डलर र तेलको भाउ वृद्धिको असर भान्सासम्म पुगेको छ । विश्व अर्थतन्त्र नै अहिले महँगी र मन्दीले आक्रान्त बनेको अवस्था छ ।

भारतीय मुद्रा निरन्तर अवमूल्यन हुँदा त्यसको प्रभाव नेपाली मुद्रामा पनि परेको छ । नेपाली मुद्रा साढे ७ प्रतिशत कमजोर बनेको छ । डलरसँग नेपाली रुपैयाँ कमजोर भएर एक डलर बराबर १५५ रुपैयाँ पुगिसकेको छ । अर्कोतर्फ कच्चा तेलको मूल्य ब्यारेलको ११० डलर हाराहारीमा पुगेको छ । यी कारणले आगामी दिन त्यति सहज देखिँदैन ।

पछिल्लो दशकमा नेपालको आर्थिक वृद्धि औसत ४.२ प्रतिशत मात्रै देखिन्छ, जुन सन् १९९० अघिको भारतको 'हिन्दु रेट अफ ग्रोथ' सँग तुलना गर्न सकिने अवस्था हो ।

सरकारले आगामी आर्थिक वर्षदेखि औसत ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्दै पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर पुऱ्याउने, अर्थतन्त्रको आकार सय अर्ब अमेरिकी डलर नजिक पुऱ्याएर नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बनाउने लक्ष्य लिएको छ । हाल अर्थतन्त्रको आकार ५० अर्ब डलरभन्दा कम रहेको अवस्थामा पाँच वर्षमा सय अर्ब डलरको अर्थतन्त्र बन्ने संभावना चुनौतीपूर्ण देखिन्छ ।

उद्योग र कृषि क्षेत्रको योगदान खुम्चिँदा सेवा क्षेत्र र रेमिट्यान्सको भूमिका बढिरहेको छ । विदेश गएर नेपालीले दुःख गरेर कमाएको रेमिट्यान्स बढ्दो रहे पनि त्यो ज्यादातर उपभोगमा मात्रै खर्च भइरहेको छ । त्यसलाई उत्पादनमूलक क्षेत्रमा लगानी गराउन नयाँ कार्यक्रम ल्याउन आवश्यक छ ।

यसअघिका सरकारले ल्याएका नीति तथा कार्यक्रमहरू कमजोर थिएनन्, कार्यान्वयन फितलो हुँदा अपेक्षित उपलब्धि हासिल भएन । नयाँ सरकारले पनि लोकप्रिय कार्यक्रम ल्याउने तर कार्यान्वयन पक्ष प्रभावकारी नहुने हो भने यो अघिल्ला सरकार भन्दा फरक हुँदैन । त्यसैले अब सरकारको सफलता नयाँ लोकप्रिय योजना घोषणामा हैन, प्रभावकारी कार्यान्वयनमा निर्भर रहनेछ ।

NepalClicks
**होमपेज मिडिया प्रा.लि**
अनामनगर काठमाडौं, नेपाल
इमेल : nepalclicksnews@gmail.com

**सल्लाहकारः** शिव वास्तोला, **अध्यक्षः** नारायण अमृत, **प्रधान सम्पादकः** बाबुराम खड्का, **सम्पादकः** देवव्रत, **प्रमुख कार्यकारी अधिकृतः** जीवन तिम्सिना, **संवाददाताः** सीता बुढाथोकी, प्रीति धामी, आकृति पाण्डे, **बजारः** दीलिप गौतम **लेआउटः** सुवर्ण हुँमागाई, तस्वीर संयोजन नेपाल फोटो लाइवेरी


नयाँ वर्षले ल्याओस घर-घरमा
खुशी। सबै नेपालीमा स्वास्थ्य,
शान्ति र सम्मृद्धि छाओस् - यही
हाम्रो शुभकामना!
Sangrila Urja Ltd.
2074
Kathmandu
SANGRILA URJA LTD
Chhujung Khola Hydropower
(63MW-4 HOURS PEAKING)
Bhotkhola -2, Sankhuwasabha
Tell: 01-4513159
E-mail: info@gmail.com

# बालेन सरकार र अर्थतन्त्र
# १५ दिनमै सुधार सम्भव छ !



अनलराज भट्टराई
अर्थविद्

नेपालसँग अहिले स्रोत पनि छ, साधन पनि छ र करिब दुई-तिहाइ जनमतसहितको नयाँ सरकार पनि । तर प्रश्न एउटै छ- के यो अवसरलाई आर्थिक पुनर्जागरणमा बदल्न सकिन्छ ?

भर्खरै सम्पन्न निर्वाचन र करिब दुई-तिहाइ जनमतको जगमा उभिएको नयाँ सरकारले मुलुकमा एउटा बलियो र आशावादी सरकारको जग बसाउँदै आर्थिक पुनर्जागरणको ऐतिहासिक मोडमा उभ्याएको छ । २०८२ चैत १३ गते नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहले पद तथा गोपनीयताको शपथ ग्रहण गरेसँगै नेपालको इतिहासमा आर्थिक समृद्धिको एउटा नयाँ अध्याय सुरु भएको मानिएको छ । करिब दुई तिहाइ जनमतको समर्थन पाएको यो सरकारसँग केवल सत्ता चलाउने म्यान्डेट मात्र छैन, बरू वर्षौंदेखि थलिएको अर्थतन्त्रलाई गति दिने र आम नागरिकको भरोसालाई यथार्थमा बदल्ने ऐतिहासिक अवसर पनि छ ।

### १. बाह्य क्षेत्रको सबलताः एक बलियो जग

नेपालको अर्थतन्त्र अहिले एउटा अनौठो विरोधाभासबाट गुज्रिरहेको छ । बाह्य क्षेत्र निकै बलियो र उत्साहजनक छ । नेपाल राष्ट्र बैंकको तथ्याङ्कलाई केलाउने हो भने, हामीसँग करिब २१ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति छ । नेपाली रुपैयाँमा हिसाब गर्दा यो ३३ खर्बभन्दा बढी हुन आउँछ । यो सञ्चिति दक्षिण एसियाली मुलुकहरूमध्ये तुलनात्मक रूपमा निकै सुरक्षित अवस्था हो ।

यसको मुख्य स्रोत विप्रेषण (रेमिट्यान्स) हो । नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा विप्रेषणको योगदान करिब २९ प्रतिशत पुगेको छ, जुन वार्षिक १७ देखि १८ खर्ब रुपैयाँको हाराहारीमा छ । कोभिड-१९ पछि वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या र उनीहरूले पठाउने रकममा आएको बढोत्तरीले गर्दा हाम्रो भुक्तानी सन्तुलन बचतमा छ । तर, प्रश्न यहाँ उठ्छ– के रेमिट्यान्सले मात्र अर्थतन्त्र सधैं धानिन सक्छ ? बाह्य क्षेत्रको यो सबलतालाई आन्तरिक उत्पादनमा बदल्नु नै अबको मुख्य कार्यभार हो ।

### २. बैंकिङ क्षेत्रको समस्याः तरलता छ, तर लगानी छैन

अहिले बैंकहरूमा ९ खर्ब भन्दा बढी लगानीयोग्य रकम (तरलता) थुप्रिएर बसेको छ । ब्याजदर पनि ऐतिहासिक रूपमा न्यून विन्दुमा झरेको छ । तर, विडम्बना के छ भने लगानीकर्ताहरू कर्जा लिन डराइरहेका छन् । बजारमा कर्जाको माग छैन । सेयर बजार, घर जग्गा कारोबार र औद्योगिक उत्पादनमा मन्दी छाएको छ । यसको पछाडि केही गम्भीर कारणहरू छन्:

`हामीलाई केवल डिग्रीधारी बेरोजगार मात्र होइन, डोजर चलाउनेदेखि सफ्टवेयर बनाउनेसम्मका प्राविधिकहरू चाहिन्छ ।´






खराब कर्जा (एनपीएल) को जोखिमः विगतमा बैंकहरूले आक्रामक रूपमा कर्जा विस्तार गरे । वार्षिक २० प्रतिशतभन्दा बढीको कर्जा वृद्धि भयो, जुन हाम्रो अर्थतन्त्रको आकार भन्दा पनि ठूलो हुन पुग्यो । तर, त्यो कर्जा उत्पादनमूलक क्षेत्रमा भन्दा बढी उपभोग र आयातमा खर्च भयो । अहिले अर्थतन्त्र सुस्त हुँदा व्यवसायीहरूले ऋणको साँवा-ब्याज तिर्न सकिरहेका छैनन्, जसले गर्दा बैंकहरूको खराब कर्जा बढ्दो छ र बैंकहरूले खर्बौं रुपैयाँ रकम प्रोभिजनमा राख्नु परेको छ । यसले बैंकहरूको नाफामा असर गरेको छ ।

उपभोगमा आधारित कर्जाको पासोः नेपालमा कर्जा दिने प्रणाली अलि फरक छ । हामीले कर्जा दियौं भने सहर विकास हुन्छ भन्ने सोच्यौं । जस्तै-एउटा नागरिकले गाडी किन्न ऋण लिन्छ । उसले गाडी किन्दा सरकारले दुईवटा गाडी बराबरको राजस्व (भन्सार र कर) पाउँछ । सरकारलाई राजस्व बढ्यो भनेर ऊ खुसी हुन्छ, तर त्यो पैसाले देशमा रोजगारी सिर्जना गर्दैन । त्यो पैसा त गाडी निर्माता देशमा जान्छ । यसले हाम्रो व्यापार घाटा मात्र बढाएको छ ।

नीतिगत अस्थिरताः राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति र अर्थ मन्त्रालयले ल्याउने बजेटबीच कहिलेकाहीं तालमेल मिल्दैन । नियामक निकायहरूबीचको 'इगो' वा असमझदारीले निजी क्षेत्र सधैं मारमा पर्ने गरेको छ ।

'नेपालको अर्थतन्त्रमा देखिएका समस्याहरू प्राकृतिक होइनन्, यी सबै मानवनिर्मित हुन् ।'

### ३. नयाँ सरकारको १० वर्षे लक्ष्यः २५ हजार मेगावाट र ऊर्जा क्रान्ति

नयाँ सरकारले १० वर्षमा २५ हजार मेगावाट बिजुली उत्पादन गर्ने निकै नै सकारात्मक र महत्वाकांक्षी लक्ष्य अघि सारेको छ । नेपालको जलविद्युत क्षेत्र अब केवल 'सम्भावना' मात्र रहेन, यो 'यथार्थ' मा परिणत हुँदैछ । तर, यसका लागि सरकारले केवल बिजुली उत्पादनमा मात्र ध्यान दिएर पुग्दैन । यसका लागि एउटा बृहत् 'इको सिस्टम' चाहिन्छ ।

२५ हजार मेगावाट बिजुली उत्पादन गर्नका लागि नेपालमा ठूलो संख्यामा सिमेन्ट, फलाम र डन्डीको माग हुनेछ । यसले स्वदेशी उद्योगहरूलाई पुनर्जीवन दिनेछ । साथै, यो लक्ष्य प्राप्त गर्न हजारौं इन्जिनियर, मेसिन अपरेटर, एक्साभेटर चालक र प्राविधिकहरूको आवश्यकता पर्नेछ । यसले आगामी ५ वर्षमा करिब १२ लाख रोजगारी सिर्जना गर्ने सरकारको अर्को लक्ष्यलाई पनि सघाउनेछ ।

सरकारले अब बिजुलीलाई 'निर्यात' गर्ने वस्तु मात्र नभई 'स्वदेशी औद्योगिक कच्चा पदार्थ' का रूपमा हेर्नुपर्छ । जबसम्म हामीले आफ्नै बिजुली प्रयोग गरेर कलकारखाना चलाउँदैनौं, तबसम्म हाम्रो अर्थतन्त्र आत्मनिर्भर हुन सक्दैन । भारत र बंगलादेशसँगको ऊर्जा व्यापार सम्झौतालाई छिटो कार्यान्वयनमा ल्याउन र ट्रान्समिसन लाइनको विस्तार गर्न अब ढिलाइ गर्नु हुँदैन ।

### ४. संरचनात्मक सुधार र नीतिगत समन्वय

अर्थतन्त्रलाई चलायमान बनाउन अब अर्थतन्त्रका तीनवटा मुख्य खम्बा (सरकार, राष्ट्र बैंक र निजी क्षेत्र) एउटै दिशामा हिँड्नुपर्छ ।

ब्याजदर र अनुदानः यदि हामीले जलविद्युत वा कृषि जस्ता प्राथमिकताका क्षेत्रमा ब्याजदरलाई २ प्रतिशतमा झार्ने हो भने सरकारले बैंकहरूलाई अनुदान दिनुपर्छ । अहिले नागरिकले करिब ५२ प्रतिशत (३९% आयकर र १३% भ्याट) सम्म कर तिरिरहेका छन् । यो करको सदुपयोग उत्पादनमूलक क्षेत्रमा सहुलियत दिनका लागि हुनुपर्छ ।

भ्याटको बहुदर प्रणालीः अहिले सबै वस्तुमा १३ प्रतिशत भ्याट लाग्ने व्यवस्था छ । विलासी वस्तुमा बढी र दैनिक उपभोग्य वस्तुमा कम भ्याट लाग्ने गरी स्ल्याबहरू छुट्याउनुपर्छ । यसले न्यून आय भएका नागरिकलाई राहत





दिनेछ र विलासिताको आयातलाई निरुत्साहित गर्नेछ ।

**निजी क्षेत्रको मनोबलः** निजी क्षेत्र डराइरहेको अवस्थामा लगानी बढ्न सक्दैन । व्यवसायीहरूलाई अपराधी जस्तो व्यवहार गर्ने परिपाटी बन्द हुनुपर्छ । नीतिगत रूपमा उनीहरूलाई 'प्रोटेक्सन' र प्रोत्साहन दिनुपर्छ ।

### ५. मानव पुँजी र जेन-जीको आकांक्षा

नेपाली युवाहरू आज शिक्षा र रोजगारीका लागि विदेशिन बाध्य छन् । नयाँ सरकारको सबै भन्दा ठूलो चुनौती यही जनशक्तिलाई स्वदेशमै रोक्नु हो । युवाहरूलाई धेरै ठूला कुरा चाहिएको छैन; गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा, बस्नका लागि एउटा घर र सम्मानजनक रोजगारी अनि वर्षमा एकपटक विदेश घुम्न जान सकियोस् भन्ने उनीहरूको चाहना छ ।

जबसम्म हामीले सीपयुक्त जनशक्ति तयार गर्दैनौं, तबसम्म २५ हजार मेगावाटको सपना पूरा हुँदैन । हामीलाई केवल डिग्रीधारी बेरोजगार मात्र होइन, बरु डोजर चलाउनेदेखि ठूला सफ्टवेयर बनाउने सम्मका प्राविधिकहरू चाहिन्छ । शिक्षा प्रणालीलाई बजारको मागसँग जोड्नु अबको अनिवार्य सर्त हो ।

### ६. वैदेशिक लगानी र कूटनीति

नेपालले विदेशी लगानी भित्र्याउनका लागि आफ्नो छविलाई सुधार गर्नुपर्छ । लगानी बोर्ड र उद्योग विभागले 'एकद्वार प्रणाली' लाई नाममा मात्र होइन, काममा पनि लागू गर्नुपर्छ । विदेशी लगानीकर्ताले नेपालमा नाफा कमाएर लैजान पाउने ग्यारेन्टी र नीतिगत स्थिरता खोज्छन् । त्यो बनाउनुपर्छ ।

छिमेकी मुलुकहरू भारत र चीनसँगको व्यापारिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै हामीले क्षेत्रीय बजारमा आफ्नो पकड जमाउनुपर्छ । नेपाल अब 'दुई ढुंगाबीचको तरुल' मात्र होइन, दुई ठूला अर्थतन्त्रलाई जोड्ने 'आर्थिक पुल' बन्नुपर्छ ।

### ७. १५ दिनमै सुधार सम्भव छ !

अन्त्यमा, नेपालको अर्थतन्त्रमा देखिएका समस्याहरू 'प्राकृतिक' होइनन्, यी सबै 'मानवनिर्मित' हुन् । हामीसँग स्रोत छ, साधन छ र अहिले त स्पष्ट जनमत भएको सरकार पनि छ । नीतिगत सुधार गर्न वर्षौं लाग्दैन; यदि सरकार र नियामक निकायहरू सबै इमानदार हुने हो भने १५ दिनभित्रै धेरै नियमहरू परिवर्तन गरेर बजारमा उत्साह ल्याउन सकिन्छ ।

विगतमा धेरै गल्ती भए होला, बैंकिङ क्षेत्र र अन्य क्षेत्रमा पनि विगतका गल्तीहरूलाई अब के लाइरहनु भन्दा, तिनलाई सुधारेर अघि बढ्नु बुद्धिमानी हुनेछ । अहिलेको निर्वाचनले केवल व्यक्ति परिवर्तन गरेको छैन, यसले हरेक नेपालीमा एउटा आशा पनि जगाएको छ । यो आशालाई मर्न नदिन सरकारले आर्थिक सुधारका साहसिक कदमहरू चाल्नुपर्छ । नेपालको अर्थतन्त्रको मुख्य चुनौती अब 'स्थायित्व कायम राख्ने' होइन, 'वृद्धि खुलाउने' हो । नेपाली राजनीतिक क्षेत्रको यो नयाँ सुरुवातसँगै नेपालको अर्थतन्त्रले एउटा उचाइ लिनेछ र समृद्धिको सपना यथार्थमा बदलिनेछ भन्नेमा हामी ढुक्क हुन सक्छौं ।

**'नेपाल अब दुई ढुंगाबीचको तरुल मात्र होइन, दुई ठूला अर्थतन्त्रलाई जोड्ने आर्थिक पुल बन्नुपर्छ ।'**



रमेश ढकाल, अध्यक्ष

नयाँ वर्षले ल्याओस घर-घरमा खुशी।
सबै नेपालीमा स्वास्थ्य, शान्ति र सम्मृद्धि
छाओस् - यही हाम्रो शुभकामना!

An ISO 9001:2015 Certified Company

**Sagramatha Multi Service Pvt.Ldt.**

Tinkune, Kathmandu (Near V.S. Niketan College)

Email: dhakalramesh100@gmail.com, rsdsuppliers1000@gmail.com, info@sagarmathamultiservice.com.np

Phone: 01-5199004, 9851013934 Ramesh Dhakal (Chairman), 9841968814-Kailash Pudasaini (Director), 9843872537-Ganga Tamang (Supervisor)

# संकट चिर्ने औषधी
# उदारीकरणको दोस्रो अध्याय

`हामी मलेसियाबाट काठ आयात गरिरहेका छौं । जबकि हाम्रै जङ्गलका काठहरू सडिरहेका छन्- यही हो नीतिगत अस्पष्टताले निम्त्याएको `श्रोतको श्राप´।´






## सडक, रेल र विमानस्थलमा राज्यले ऋण बोकेर लगानी गरिरहनु पर्दैन, ‘बनाऊ, चलाऊ र हस्तान्तरण गर’ अर्थात् बुट मोडलमा निजी क्षेत्रलाई सहभागी गराउनुपर्छ ।

नेपाल यतिबेला एउटा अनौठो आर्थिक विरोधाभासमा छ- विदेशी मुद्राको सञ्चिति उच्च छ, ब्याजदर घट्दो छ, तर आर्थिक वृद्धिदर ३ प्रतिशतमा खुम्चिएको छ । प्रविधिले विश्व बदलिइरहँदा हाम्रो राज्य संयन्त्र भने नयाँ सम्भावनाहरूलाई प्रतिबन्ध लगाउन उद्यत छ । यो केवल आर्थिक समस्या मात्र होइन, नीतिगत र नेतृत्वगत असफलता पनि हो । अबको निकासका लागि परम्परागत ढर्रा त्यागेर उदारीकरणको नयाँ यात्रा सुरु गर्नुको विकल्प छैन ।




निर्वाचनपछि नतिजा केवल सत्ता परिवर्तनको विषय मात्र होइन, यो विगतका आर्थिक नीतिहरूको गम्भीर समीक्षा गर्ने घडी पनि हो । हामीले विगतमा गरेका निर्णय, अपनाएका नीति र त्यसले वर्तमानमा पारेको प्रभावलाई नकेलाइकन भविष्यको स्पष्ट खाका कोर्न सम्भव छैन । नेपालको वर्तमान संकटलाई राजनीतिक, आर्थिक र सामाजिक असफलताको त्रिकोणात्मक कोणबाट हेर्न सकिन्छ । विशेषगरी आर्थिक क्षेत्रमा देखिएको सुस्तता र दिशाहीनताले आम नागरिक, विशेष गरी युवा वर्गमा ठूलो निराशा पैदा गरेको छ । यसै सन्दर्भमा, हामीले हाम्रो आर्थिक इतिहासको प्रस्थान विन्दुदेखि वर्तमानका चुनौती र भविष्यका सम्भावनाहरूलाई एउटै सूत्रमा उनेर हेर्नु आवश्यक छ ।

नेपालको आधुनिक आर्थिक इतिहासको चर्चा गर्दा वि.सं. २०४८ सालको परिवर्तनलाई बिर्सन सकिँदैन । तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसले परम्परागत राज्य-नियन्त्रित अर्थतन्त्रको साटो उदारवादी आर्थिक नीति अवलम्बन गर्ने साहसी निर्णय गरेको थियो । त्यो समयमा नेपाली कांग्रेसले आफ्नो परम्परागत सिद्धान्तभन्दा केही भिन्न देखिए पनि समयको माग अनुसार मुलुकलाई खुला बजार अर्थतन्त्रतर्फ डोहोर्‍यायो ।

यसैको परिणामस्वरूप ऊर्जा, हवाई यातायात, प्राविधिक शिक्षा र बैंकिङ जस्ता आधारभूत क्षेत्रहरूमा निजी क्षेत्रको प्रवेश भयो । पहिले राज्यको मात्र एकाधिकार रहेका यी क्षेत्रहरूमा निजी लगानी भित्रिएपछि सेवाको गुणस्तर र पहुँचमा व्यापक सुधार आयो । उदाहरणका लागि, आज हामीले खपत गरिरहेको कुल विद्युतको ८० प्रतिशत हिस्सा निजी क्षेत्रका ऊर्जा उद्यमीहरूले उत्पादन गरेका हुन् । यदि २०४८ सालमा त्यो उदार नीति नलिएको भए आज पनि नेपाल लोडसेडिङको अन्धकारमै रुमल्लिइरहेको हुन्थ्यो होला ।’

हवाई क्षेत्रमा आएको प्रतिस्पर्धाले गर्दा आज सामान्य नागरिकका लागि पनि जहाजको यात्रा सुलभ भएको छ । मेडिकल र इन्जिनियरिङ



अरुण सुवेदी
विश्लेषक

**‘राज्यले एआई, ब्लकचेन र डिजिटल सम्पत्तिलाई निषेध होइन, कानुनी मान्यता दिएर युवाहरूलाई स्वदेशमै अन्तर्राष्ट्रिय आम्दानी गर्ने बाटो खोल्नुपर्छ ।’**

जस्ता प्राविधिक शिक्षामा निजी क्षेत्रको लगानीले गर्दा हजारौं विद्यार्थीले स्वदेशमै पढ्ने अवसर पाएका छन् । सयौं गरिबका छोराछोरीले छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरिरहेका छन् । वित्तीय क्षेत्रको उदारीकरणले गर्दा बैंकिङ पहुँच गाउँ-गाउँसम्म पुगेको छ, जसले उद्यमशीलताको जग बसालेको छ ।

### आर्थिक नीतिमा विचलन

तर, वि.सं. २०६३ सालको राजनीतिक परिवर्तनपछि नेपालको आर्थिक नीतिमा एउटा ठूलो विचलन र अन्योल देखियो । हामीले थप क्षेत्रहरूलाई उदार बनाउनु र भएका सुधारहरूलाई संस्थागत गर्नुको साटो नियन्त्रणमुखी बाटो रोज्यौं । संविधानमा ‘समाजवाद-उन्मुख’ अर्थतन्त्र

लेखिएपछि त्यसको गलत व्याख्या गरियो र निजी क्षेत्रलाई श्रोतको रूपमा हेर्ने वा सरकारी कानुनको नाममा गला निमोठ्ने काम भयो ।

राज्यले सबै कुरा आफैं गर्छु भन्नु तर क्षमता प्रदर्शन गर्न नसक्नु नै वर्तमान संकटको जड हो । आज एउटा सानो आयोजना सुरु गर्न पनि दर्जनौं सरकारी कार्यालय धाउनुपर्ने र वर्षौंसम्म फाइल अड्किने प्रक्रियागत जटिलताहरू छन् । वातावरण संरक्षण, कर प्रशासन र प्रशासनिक झमेलाका नाममा लगानीकर्तालाई निरुत्साहित गरिएको छ । राज्यको भूमिका एउटा असल नियामक हुनुपर्नेमा नियन्त्रक बन्न खोज्दा अर्थतन्त्रको गति थुनिएको छ । यसले गर्दा नयाँ उद्योगहरू खुल्न सकेका छैनन् र भएका उद्योगहरू पनि पूर्ण क्षमतामा चल्न सकेका छैनन् ।

अन्तर्राष्ट्रिय परिदृश्यलाई हेर्ने हो भने पनि राज्य-नियन्त्रित अर्थतन्त्रले कतै पनि समृद्धि ल्याएको देखिँदैन । चीनले देङ सियाओपिङको पालादेखि अपनाएको उदारवादी आर्थिक नीतिले नै आज उसलाई विश्वको दोस्रो ठूलो आर्थिक शक्ति बनाएको हो । छिमेकी भारतमा पनि सन् १९९० को दशकमा गरिएको आर्थिक सुधारले नै आजको विकासको आधार तयार पारेको हो ।

यसको विपरीत, राज्यले सबै कुरा नियन्त्रण गर्न खोज्दा श्रीलंका र भेनेजुएला जस्ता देशहरूले कस्तो भयावह आर्थिक संकट भोग्नुपर्‍यो भन्ने उदाहरण हाम्रासामु छर्लङ्ग छ । नेपालमा पनि हामीसँग पानी, जमिन, जंगल र खनिज जस्ता प्रचुर प्राकृतिक श्रोतहरू छन्, तर नीतिगत अस्पष्टताका कारण हामीले तिनको सही सदुपयोग गर्न सकेका छैनौं । यसलाई अर्थशास्त्रको भाषामा 'श्रोतको श्राप' भनिन्छ, जहाँ श्रोत भएर पनि उचित नीतिको अभावमा देश गरिब रहन्छ । हामी मलेसियाबाट काठ आयात गरिरहेका छौं जबकि हाम्रै जंगलका काठहरू सडिरहेका छन् । हाम्रा खनिजहरू उत्खनन् हुन सकेका छैनन् र पानीको सही उपयोग हुन सकेको छैन ।

वर्तमानमा नेपाल एउटा अनौठो आर्थिक विरोधाभासबाट गुज्रिरहेको छ । बैंकहरूमा लगानीयोग्य रकम थुप्रिएको छ, ब्याजदर घटिरहेको छ र विदेशी मुद्राको सञ्चिति इतिहासकै उच्च बिन्दुमा छ, तर प्रयोग नै हुँदैन । सामान्यतया यस्तो अवस्थामा लगानी बढ्नुपर्ने र



नेपाल फोटो लाइब्रेरी





**`वास्तविक समाजवाद भनेको राज्यले उद्योग चलाउनु होइन, बरु निजी क्षेत्रबाट उठेको करले नागरिकलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नु हो ।'**

आर्थिक गतिविधि तीव्र हुनुपर्ने हो । तर, विडम्बना के छ भने नेपालको आर्थिक वृद्धिदर केवल तीन प्रतिशतको आसपासमा खुम्चिएको छ । लगानीकर्ताहरूमा आत्मविश्वास छैन र युवाहरू भविष्य नदेखेर दिनहुँ हजारौंको संख्यामा विदेश पलायन भइरहेका छन् । यो संसारकै आर्थिक इतिहासमा एउटा अनौठो स्थिति हो जहाँ श्रोत र साधन उपलब्ध हुँदाहुँदै पनि नीतिगत र नेतृत्वगत असफलताका कारण अर्थतन्त्र चलायमान हुन सकेको छैन ।

यसै बीचमा विश्व चौथो औद्योगिक क्रान्तिमा प्रवेश गरिसकेको छ । डिजिटल सम्पत्ति, ब्लकचेन प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स र क्रिप्टो-करेन्सी जस्ता नयाँ क्षेत्रहरूले विश्व अर्थतन्त्रको स्वरूप बदलिदिएका छन् । अन्तर्राष्ट्रिय बजारमा सुन, चाँदी र डलरको मूल्यसँगै डिजिटल सम्पत्तिको महत्व बढिरहेको छ । नेपालका युवाहरू पनि यी प्रविधिहरूमा अभ्यस्त छन् र `गिग इकोनोमी' मार्फत विश्व बजारमा आफ्नो क्षमता प्रदर्शन गर्न चाहन्छन् ।

तर, हाम्रो राज्य संयन्त्रले सधैं यी परिवर्तनहरूलाई बुझ्नुको साटो प्रतिबन्ध लगाउने र निषेध गर्ने बाटो रोज्यो । यदि हामीले समयमै डिजिटल अर्थतन्त्रलाई कानुनी मान्यता दिएर व्यवस्थित गर्न सकेको भए आज नेपालका लाखौं युवाहरूले स्वदेशमै बसेर अन्तर्राष्ट्रिय स्तरको आम्दानी गर्न सक्थे र विदेशी मुद्रा आर्जनको नयाँ श्रोत तयार हुने थियो ।

अबको निकासका लागि नेपालले `उदारीकरणको दोस्रो अध्याय' सुरु गर्नु अनिवार्य भएको छ । यसको अर्थ राज्यले व्यापार गर्ने होइन, बरु व्यापार गर्ने वातावरण बनाइदिने हो । सडक, रेल, विमानस्थल र ठूला पूर्वाधार निर्माणमा राज्यले आफैं ऋण बोकेर लगानी गरिरहनु पर्दैन । निजी क्षेत्रलाई `बनाऊ, चलाऊ र हस्तान्तरण गर' (बुट) जस्ता मोडलमा आयोजनाहरू दिन सकिन्छ । जब निजी क्षेत्रले पूर्वाधारमा लगानी गर्छ, राज्यको ठूलो खर्च जोगिन्छ । त्यो जोगिएको रकम र निजी क्षेत्रबाट उठ्ने करलाई राज्यले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र गरिबका लागि कल्याणकारी कार्यमा खर्च गर्नुपर्छ । वास्तविक समाजवाद भने को राज्यले उद्योग चलाउनु होइन, बरु नागरिकलाई गुणस्तरीय सेवा र सुरक्षाको ग्यारेन्टी गर्नु हो । इजरायल, सिंगापुर र युरोपेली देशहरूले यही मोडल अपनाएर समृद्धि हासिल गरेका हुन् । उनीहरूले अर्थतन्त्रलाई उदार बनाए र त्यसबाट प्राप्त राजस्वले बलियो सामाजिक सुरक्षा संयन्त्र तयार पारे । नेपालमा पनि हामीले यही बाटो पछ्याउनु पर्छ ।

कृषि क्षेत्रमा पनि हामीले ठूलो अन्याय गरिरहेका छौं । समाजवादको नाममा किसानलाई अनुदान दिने भनिए पनि त्यो लक्षित वर्गसम्म पुग्न सकेको छैन । छिमेकी भारतमा निजी क्षेत्रले पूर्वाधार निर्माण गर्दा राज्यको पैसा जोगिन्छ र त्यो पैसा किसानलाई प्रत्यक्ष अनुदान दिन प्रयोग गरिन्छ । नेपालमा भने राज्य आफैंले सबैतिर हात हाल्न खोज्दा न किसानले समयमा मल पाउँछन्, न त उनीहरूको उत्पादनले बजार पाउँछ । पूर्वाधारको लागत बढेको छ र किसानको उत्पादन लागत पनि बढेको छ, जसले गर्दा हामी भारतीय कृषि उत्पादनसँग प्रतिस्पर्धा गर्न सकिरहेका छैनौं ।

आजका युवाहरूको आकांक्षा बदलिएको छ । उनीहरूलाई चर्का राजनीतिक नारा होइन, बरु एउटा सम्मानित जीवन, सुरक्षित भविष्य र प्रविधिको पहुँच चाहिएको छ । उनीहरू आफ्नो क्षमता अनुसारको काम र त्यसबाट प्राप्त हुने आम्दानीले एउटा गुणस्तरीय जीवन बिताउन चाहन्छन् । जब राज्यले यी आधारभूत इच्छाहरू पूरा गर्ने वातावरण बनाउँदैन, तब युवाहरूमा आक्रोश पैदा हुन्छ । पछिल्लो समय देखिएको असंगठित विद्रोह त्यसैको परिणाम हो । अब हामीले यो आक्रोशलाई एउटा रचनात्मक दिशा दिनुपर्ने बेला आएको छ ।

यसै सन्दर्भमा, नेपाली कांग्रेसले आफूलाई समयको माग अनुसार परिवर्तन गर्ने संकेत गर्दै अघि सारेको `उदारीकरणको दोस्रो अध्याय' को अवधारणाले नेपालको वर्तमान समस्याको सही पहिचान गरेको देखियो, जसको अपनत्व ताजा जनादेशबाट बनेको नयाँ सरकारले पनि लिएमा देशलाई एउटा दिशामा अघि बढाउन मद्दत पुग्छ । डिजिटल अर्थतन्त्रलाई अँगाल्ने, पूर्वाधारमा निजी लगानी भित्र्याउने र राज्यको श्रोतलाई सामाजिक सुरक्षामा केन्द्रित गर्ने प्रतिबद्धता नै समृद्धिको वास्तविक साँचो हो । समाजवादलाई केवल वितरणको माध्यम मात्र नबनाइ उत्पादन बढाउने र नागरिकलाई सुरक्षित बनाउने माध्यमको रूपमा परिभाषित गर्नु सकारात्मक पक्ष हो ।

हामीले विगतमा गरेका गल्तीहरूबाट सिक्दै र विश्वमा सफल भएका आर्थिक मोडलहरूलाई हाम्रो माटो सुहाउँदो बनाएर अगाडि बढ्नुपर्छ । चर्का नारा र भावनात्मक कुराले केही समयका लागि मन बहलाउन सकिएला, तर देश धनी बनाउन स्पष्ट आर्थिक भिजन र त्यसलाई कार्यान्वयन गर्ने दृढ इच्छाशक्ति चाहिन्छ । उदारवाद र सामाजिक सुरक्षाको फ्युजन नै नेपालका लागि अबको एक मात्र बाटो हो । हामीले अर्थतन्त्रलाई राज्यको नियन्त्रणबाट मुक्त गरी खुला आकाशमा उड्न दिनुपर्छ, जहाँ प्रत्येक नागरिकले आफ्नो क्षमताको प्रयोग गरेर धनी बन्ने अवसर पाउँछ । अनि मात्र हामीले खोजेको समृद्ध र न्यायपूर्ण नेपाल निर्माण हुन सक्छ ।

# जनताको बचत
# बैंकको पेवा होइन

निक्षेप भनेको बैंकले ग्राहकसँग लिएको ऋण हो, जसलाई माग गरिएको समयमा वा तोकिएको अवधिमा ब्याजसहित फिर्ता गर्नुपर्ने बैंकको दायित्व हो । अर्कोतर्फ, सेयर भनेको जोखिमपूर्ण पुँजी हो । निक्षेपकर्ता र सेयरधनीका स्वार्थ र सुरक्षाका तहहरू पूर्णतः भिन्न हुन्छन् ।



के तपाईंले सुरक्षित भविष्यका लागि बैंकमा राखेको पैसा भोलि एकाएक कागजको टुक्रा (सेयर) मा परिणत हुनसक्छ ?

विषयवस्तुमा प्रवेश गर्नुपूर्व यो बुझ्नु पर्दछ कि, कर्नाली डेभलपमेन्ट बैंक कसरी समस्याग्रस्त बन्नपुग्यो ? यसको मुख्य कारण हो- संस्थागत सुशासनको चरम अभाव, वित्तीय हिनामिना र नियामक निकायलाई गुमराहमा राख्ने जालसाजी । नेपाल राष्ट्र बैंक र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को छानबिनका आधारमा यस बैंक संकटमा पर्नुका मुख्य बुँदाहरू तल उल्लेख गरिएको छः

### १. अर्बौंको वित्तीय हिनामिना र अपचलन

प्रहरी र राष्ट्र बैंकको छानबिनले देखाए अनुसार बैंकमा करिब ३.२ अर्ब रुपैयाँ बराबरको घोटाला भएको भेटिएको छ । जुन रकम बैंकको कुल सम्पत्तिको झण्डै ५६ प्रतिशत हुन आउँछ । बैंकका संचालक, पूर्व संचालक, प्रमुख कार्यकारी अधिकृत (सीईओ) र अन्य कर्मचारीहरूको मिले मतोमा निक्षेपकर्ताको पैसा व्यक्तिगत स्वार्थमा प्रयोग गरिएको पाइयो ।

### २. नक्कली कागजात र किर्ते 'ब्यालेन्स'

बैंक व्यवस्थापनले राष्ट्र बैंकलाई झुक्याउन भयानक जालसाजी गरेको पाइएको थियो । बैंकले अन्य वाणिज्य बैंकहरूमा आफ्नो निक्षेप रहेको भन्दै नक्कली प्रमाणपत्रहरू पेस गरेको थियो । राष्ट्र बैंकमा राख्नुपर्ने अनिवार्य नगद मौज्दात खातामा पैसा नभए पनि 'कोर बैंकिङ सिस्टम' मा पैसा भएको नक्कली विवरण देखाइएको थियो । बैंकले सुरुमा आफ्नो खराब कर्जा ७ प्रतिशतको हाराहारीमा रहेको रिपोर्टिङ गरेको थियो । तर, राष्ट्र बैंकले विस्तृत अडिट गर्दा वास्तविक खराब कर्जा ४०.८५ प्रतिशत भन्दा माथि पुगेको फेला पार्‍यो । ऋण उठाउनुको सट्टा पुरानै ऋणीलाई नयाँ ऋण दिएर 'एभरग्रिनिङ' गर्ने र कागजमा मात्र बैंक नाफामा देखाउने कीर्ते खेल खेलिएको पाइएको थियो ।

### ३. संचालकहरूको स्वार्थ बाझिने लगानी

बैंकका संचालकहरूले आफ्ना आफन्त र आफ्नै स्वामित्वमा रहेका कम्पनीहरूलाई जथाभावी ऋण प्रवाह गरेका थिए । धितोको उचित मूल्याङ्कन नगरेर तथा कमसल धितो राखेर दिइएका यस्ता ऋणहरू कहिल्यै फिर्ता भएनन्, जसले बैंकको नगद प्रवाह (तरलता) ठप्प पारिदियो ।

### ४. कमजोर पुँजीकोष

लगातारको घाटा र खराब कर्जाका कारण बैंकको पुँजीकोष अनुपात ४ प्रतिशतभन्दा तल झरेको थियो जबकि यो न्यूनतम ११ प्रतिशत हुनुपर्ने प्रावधान छ । यसले बैंकसँग निक्षेपकर्ताको दायित्व भुक्तानी गर्ने कुनै आधार बाँकी राखेन ।

### ५. नियामक निकाय गुमराहमा कि प्रलो भनमा

छानबिनका क्रममा राष्ट्र बैंककै केही पूर्व कर्मचारीहरू समेत दोषी पाइएका छन् । बैंकको सुपरीवेक्षण गर्न गएका कर्मचारीहरूलाई कर्नाली





**देव गुरागाईं**
वित्तीय क्षेत्रसम्बन्धी जानकार

**संकटग्रस्त संस्थाको कागजको टुक्रा (सेयर) निक्षेपकर्तालाई भिराउनु भनेको उनीहरूलाई दोस्रो पटक ठग्नु सरह हो ।**



विकास बैंकका पदाधिकारी वा कर्मचारीले गुमराहमा राख्ने जालसाजी रचेको वा कुनै प्रलोभनमा परेर बैंकको खराब अवस्था लुकाइ सकारात्मक रिपोर्ट लेखिदिएको हुनुपर्छ । यी सबै कारण राष्ट्र बैंकले २०८१ पुसमा यसलाई `समस्याग्रस्त´ घोषणा गरी आफ्नो नियन्त्रणमा लिएको हो । हाल यसको व्यवस्थापन राष्ट्र बैंकले नियुक्त गरेको टोलीले हेरिरहेको छ । घोटालामा संलग्न १०९ जनाभन्दा बढी विरुद्ध मुद्दा दायर गरिएको छ ।

नेपालको वित्तीय इतिहासमा समय-समयमा नियामक निकाय र बैंक व्यवस्थापनले यस्ता `प्रयोग´ गर्न खोज्छन्, जसले सतही रूपमा समस्याको समाधान देखाए पनि दीर्घकालीन रूपमा वित्तीय प्रणालीको जग नै खल्बलाउने जोखिम बोकेका हुन्छन् । हालै समस्याग्रस्त कर्णाली डेभलपमेन्ट बैंकले आफ्ना निक्षेपकर्ताहरूको बचतलाई जबर्जस्ती सेयरमा रूपान्तरण गर्ने प्रस्ताव पुनः नेपाल धितोपत्र बोर्ड (सेबोन) मा पठाउने तयारी गर्नु र त्यसमा नेपाल राष्ट्र बैंकले `फास्ट ट्र्याक´ को वकालत गर्नु एउटा घातक अभ्यास हो । यो केवल एउटा बैंकको पुनर्संरचनाको मात्र होइन, बरु नेपालको बैंकिङ क्षेत्रमा अहिलेसम्म नगरिएको एउटा यस्तो गलत `नजिर´ बसाल्ने धृष्टता हो, जसले भविष्यमा निक्षेपकर्ताको सुरक्षालाई पूर्णतः धराशायी बनाउन सक्छ ।

**कर्नाली डेभलपमेन्ट बैंकले गर्न खोजेको यो अभ्यास यदि सफल भयो भने, आगामी दिनमा जुनसुकै समस्याग्रस्त संस्थाले आफ्ना निक्षेपकर्तालाई ´पैसा फिर्ता दिन सकिँदैन, सेयर लैजानुस्´ भन्न थाल्नेछन् ।**

### १. निक्षेपकर्ता लगानीकर्ता होइनन्

बैंकिङ सिद्धान्त अनुसार निक्षेपकर्ता र लगानीकर्ता (सेयरधनी) बीच स्पष्ट भिन्नता हुन्छ । लगानीकर्ताले बढी नाफाको आशामा जोखिम मोलेका हुन्छन्, जबकि निक्षेपकर्ताले निश्चित ब्याज र सावाँको सुरक्षा खोजेका हुन्छन् । संस्था समस्याग्रस्त हुनुमा व्यवस्थापन र संचालकहरूको कमजोरी मुख्य कारक हुन्छ । तर, सजाय भने निर्दोष निक्षेपकर्तालाई दिइनु अन्यायपूर्ण हुन्छ ।

निक्षेप भनेको बैंकले ग्राहकसँग लिएको ऋण हो, जसलाई माग गरिएको समयमा वा तोकिएको अवधिमा ब्याजसहित फिर्ता गर्नुपर्ने बैंकको दायित्व हो । अर्कोतर्फ, सेयर भनेको जोखिमपूर्ण पुँजी हो । निक्षेपकर्ता र सेयरधनीका स्वार्थ र सुरक्षाका तहहरू पूर्णतः भिन्न हुन्छन् । कर्नाली डेभलपमेन्ट बैंकको प्रस्तावले निक्षेपकर्तालाई उनीहरूको इच्छाविपरीत वा बाध्यकारी परिस्थिति सिर्जना गरेर `जोखिम वहन गर्ने´ सेयरधनीमा बदल्न खोज्दैछ । यदि कुनै संस्था टाट पल्टिन्छ भने सबैभन्दा अन्तिममा भुक्तानी पाउने पक्ष सेयरधनी हो । आफ्नो पसिनाको कमाइ सुरक्षित होला भनेर बैंकमा राख्ने सर्वसाधारणलाई संस्थाको व्यवस्थापकीय कमजोरी र खराब कर्जाको भार बोकाउनु नैतिक र कानुनी दुवै दृष्टिले गलत छ ।

### २. विगतका नजिर र `बेल-इन´ को गलत व्याख्या

नेपालमा यसअघि धेरै वित्तीय संस्थाहरू समस्याग्रस्त घोषित भए । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकजस्ता ठूला संस्थाहरूको वित्तीय अवस्था नकारात्मक हुँदा सरकारले पुँजी थपेर वा सुधारका कार्यक्रम ल्याएर व्यवस्थापन गऱ्यो । तर, निक्षेपकर्ताको पैसालाई सेयरमा बदल्ने काम गरिएन । अन्तर्राष्ट्रिय अभ्यासमा `बेल-इन´ को अवधारणा छ, जहाँ संकटग्रस्त संस्था बचाउन ठूला साहू वा ऋणपत्रधारकहरूको लगानीलाई सेयरमा बदलिन्छ । तर, यो अभ्यास विकासोन्मुख र कम वित्तीय साक्षरता भएको नेपालजस्तो देशमा, जहाँ निक्षेपकर्ताहरूले बैंकलाई `सुरक्षित ढुकुटी´ मान्छन्, त्यहाँ लागू गर्नु आत्मघाती कदम हो । कर्नाली डेभलपमेन्ट बैंकले गर्न खोजेको यो अभ्यास यदि सफल भयो भने, आगामी दिनमा जुनसुकै समस्याग्रस्त संस्थाले आफ्ना निक्षेपकर्तालाई `पैसा फिर्ता दिन सकिँदैन,



सेयर लैजानुस्' भन्न थाल्नेछन् । के राष्ट्र बैंक यो अराजकतालाई संस्थागत गर्न चाहन्छ ?

## ३. नियामकको दोधारे चरित्र

नेपाल राष्ट्र बैंक, जसको पहिलो दायित्व निक्षेपकर्ताको हित संरक्षण गर्नु हो, उसैले यस प्रक्रियालाई 'फास्ट ट्र्याक' बाट अघि बढाउन दबाब दिनु उदेकलाग्दो छ । राष्ट्र बैंकले समस्याग्रस्त संस्थाको व्यवस्थापन सुधार गर्ने, खराब कर्जा उठाउन कडा कदम चाल्ने वा मर्जरको बाटो खोज्ने हो । तर, निक्षेपकर्ताको बचतलाई जोखिममा राखेर संस्थाको ब्यालेन्स सिट सुधार्ने 'सर्टकट' बाटो रोज्नुले नियामकको विश्वसनीयतामाथि प्रश्न उठाएको छ ।

नेपाल धितोपत्र बोर्ड (सेबोन) ले यसअघि यो प्रस्तावलाई अस्वीकार गरेर एउटा परिपक्वता देखाएको थियो । तर, पुनः राष्ट्र बैंकको संचालक समितिबाटै निर्णय गराएर प्रस्ताव पठाउनुले धितो पत्र बजारको स्वच्छतामाथि पनि प्रहार गर्ने निश्चित छ । बजारमा सूचीकृत हुने सेयरको मूल्य र गुणस्तर कायम राख्नु बोर्डको धर्म हो । संकटग्रस्त संस्थाको कागजको टुक्रा (सेयर) निक्षेपकर्तालाई भिराउनु भनेको उनीहरूलाई दोस्रो पटक ठग्नु सरह हो ।

## ४. वित्तीय प्रणालीमा पर्ने दूरगामी असर

यदि यो अभ्यासले वैधानिकता पायो भने त्यसले निम्त्याउने परिणाम भयावह हुन सक्छ । जस्तो कि-

**विश्वासको संकटः** सर्वसाधारणले बैंकमा पैसा राख्न छाड्नेछन् । उनीहरूलाई लाग्नेछ कि बैंक डुब्यो भने आफ्नो पैसा 'सेयर' मा परिणत हुनेछ, जसको मूल्य बजारमा शून्य बराबर हुन सक्छ ।

संस्थागत सुशासनको अभावः बैंक संचालक र व्यवस्थापकहरू उत्तरदायी हुन छाड्नेछन् । उनीहरूले जथाभावी कर्जा प्रवाह गर्ने र पछि संस्था डुब्न लाग्दा निक्षेपकर्ताको पैसालाई सेयरमा बदलिदिने सजिलो बाटो पाउनेछन् ।

**गलत नजिरः** एउटा सानो विकास बैंकको लागि बनाइएको यो बाटो भोलि ठूला वाणिज्य बैंकहरूले पनि प्रयोग गर्न सक्नेछन् । यसले समग्र बैंकिङ क्षेत्रको स्थिरतालाई जोखिममा पार्नेछ । बैंकिङ प्रणालीमा अविश्वासः यस्ता निर्णयले आम नागरिकमा 'बैंकमा पैसा राख्नु असुरक्षित छ' भन्ने सन्देश प्रवाह गर्छ, जसले अन्ततः 'बैंक रन' को स्थिति निम्त्याउन सक्छ ।

## ५. वैकल्पिक बाटो के हुन सक्छ ?

कर्णाली डेभलपमेन्ट बैंकलाई बचाउने नै हो भने निम्न उपायहरू अवलम्बन गर्न सकिन्छः

१. पुँजी वृद्धिः विद्यमान संस्थापक सेयरधनीहरूले थप पुँजी लगानी गर्नुपर्छ । गल्ती गर्ने संचालक र व्यवस्थापनले सजाय भोग्नुपर्छ, निक्षेपकर्ताले होइन ।

२. मर्जर र प्राप्तिः बलियो वित्तीय स्थिति भएको अर्को संस्थासँग यसलाई गाभ्ने प्रक्रिया सुरु गरिनुपर्छ ।

३. **सम्पत्ति व्यवस्थापनः** बैंकको खराब कर्जा उठाउन विशेष संयन्त्र परिचालन गरिनुपर्छ ।

## निष्कर्ष

निक्षेपकर्ता भनेका बैंकका ग्राहक हुन्, मालिक होइनन् । ग्राहकलाई जबर्जस्ती मालिक बनाउन खोज्नु भनेको दायित्वबाट उम्किने प्रपञ्च मात्र हो । कर्णाली डेभलपमेन्ट बैंकको यो प्रस्ताव नेपालको वित्तीय कानुन र बैंकिङ सुशासनको उपहास हो । यदि आज यो 'नजिर' स्थापित भयो भने, भोलिका दिनमा नेपाली बैंकिङ क्षेत्रमा निक्षेपकर्ताको सुरक्षा केवल एउटा भ्रम मात्र रहनेछ । तसर्थ, नेपाल धितोपत्र बोर्डले आफ्नो अडानमा दृढ रहनुपर्छ र नेपाल राष्ट्र बैंकले पनि निक्षेपकर्ताको हितलाई सर्वोपरि ठान्दै यस्ता घातक प्रयोगहरूलाई तत्काल रोक्नुपर्छ । नियामकले बुझ्नुपर्छ कि बैंकहरू निक्षेपकर्ताको विश्वासमा चल्छन् । यदि त्यो विश्वास नै समाप्त भयो भने कुनै पनि 'फास्ट ट्र्याक' ले वित्तीय प्रणालीलाई बचाउन सक्ने छैन । सरकार र सम्बद्ध निकायले यो घातक प्रस्तावलाई तत्काल खारेज गरी निक्षेपकर्ताको रकम सुरक्षित फिर्ता गर्ने वातावरण बनाउनु पर्छ । भविष्यमा पनि यस्ता गैरजिम्मेवार नीतिहरूलाई पूर्णतः निषेध गरिनु पर्छ किनकि जनताको बचत, बैंकको पेवा होइन ।

# जलविद्युत्को बैंक-कथाः २ अर्बको कर्जा कसरी पुग्यो साढे ४ खर्ब



नेपालको जलविद्युत्को इतिहास झण्डै ११५ वर्ष पुरानो छ । तर ऊर्जा क्षेत्रमा निजी क्षेत्रले प्रवेश गरेको २६ वर्ष मात्रै भयो । विक्रम संवद १९६८ (सन् १९११) सालमा ५०० किलोवाटको फर्पिङ लघु जलविद्युत् परियोजना (चन्द्रज्योति) देखि पछिल्लो समय निर्माण सम्पन्न ९.६ मेगावाटको दरमखोलासम्म आइपुग्दा निजी क्षेत्रले गरेको संघर्ष, पाएको सास्ती र प्राप्त गरेको सफलताको कथा लामो छ ।

तर निजी क्षेत्रको प्रवेश अघिसम्म २५२ मेगावाटमा सीमित नेपालको ग्रिडमा झण्डै साढे ३७ सय मेगावाट थपिएको छ, यसमा पनि निजी क्षेत्रले मात्र ३३ सयभन्दा बढी योगदान दिएको छ । विद्युत् इतिहासलाई हेर्ने हो भने विद्युत् ऐन, २०४९ आएपछि भने नेशनल हाइड्रोपावरले २०५१ सालमा ५ मेगावाट (पछि क्षमता वृद्धि गरी ७.५ मेगावाट)को इन्द्रावती ३ जलविद्युत् आयोजनाको अनुमतिपत्र पायो । तर उत्पादित विद्युत्को मूल्य के कति हुने भन्ने विषय लामो समयसम्म टुंगिएन । जलविद्युत् क्षेत्रले विद्युत् खरिद सम्झौता (पीपीए) का लागि लामो संघर्ष गर्नुपर्‍यो ।

२०५४ सालमा ऊर्जा तथा जलस्रोतमन्त्री बनेकी शैलजा आचार्यले २०५५ साल असार १४ गते निजी क्षेत्रले उत्पादन गरेको विद्युत् सरकारले खरिद गर्ने दर निर्धारण गरिन् । त्यसपछि मात्र निजी क्षेत्रले आयोजना निर्माण अघि बढाए । लगानीयोग्य पीपीए दरका लागि पनि धेरै पहल गर्नुपरेको थियो । निजी क्षेत्रको मागप्रति सकारात्मक तत्कालिन ऊर्जामन्त्री आचार्यले पहिलो पटक निजी क्षेत्रलाई १ देखि १० मेगावाटसम्म क्यू ९० मा बनाउने गरी वर्षामा

'नेपालको ग्रिडमा थपिएको ३ हजार ७५० मेगावाटमध्ये निजी क्षेत्रको योगदान ३ हजार ३०० मेगावाटभन्दा बढी छ, जुन कुल उत्पादनको झण्डै ८८ प्रतिशत हो ।'





गणेश कार्की

प्रतियुनिट २.७६ रुपैयाँ र हिउँदमा प्रतियुनिट ४.०३ रुपैयाँ मूल्य कायम गर्ने गरी पीपीए दर तोक्न प्राधिकरण सञ्चालक समितिलाई निर्देशन दिएपछि २०५५ साल असार १४ गते विद्युत् प्राधिकरण बोर्ड बैठकले यही दरलाई सदर गरी पीपीए गरिदिएको थियो ।

क्यू ९० मा बनाउन नसक्ने निजी क्षेत्रको गुनासोपछि फेरि आचार्यले यसलाई क्यू ६५ मा झारेर पीपीए दर पनि हिउँदमा ४.२५ र वर्षामा ३ रुपैयाँ प्रतियुनिट कायम गरिदिइन् । यही निर्णय जलविद्युत्मा निजी क्षेत्रको प्रवेशका लागि थप महत्वपूर्ण जग बन्यो । यो निर्णयपछि सबैभन्दा पहिला लमजुङको ०.१८३ मेगावाटको स्याङ्गे खोलाले २०५८ माघ ३ गते प्राधिकरणसँग पहिलो पीपीए गरेको थियो । २०५९ साल असोज २१ गते मात्र बल्ल नेपाली निजी क्षेत्रले बनाएको आयोजनाबाट व्यावसायिक विद्युत् उत्पादन सम्भव भयो ।

सुरुमा नेपाल सरकारका प्रतिनिधिहरूले विद्युत् उत्पादन जस्तो जटिल र प्राविधिक काममा लागि निजी क्षेत्र सक्षम छैनन् भन्ने ठान्थे । राष्ट्रिय योजना आयोगले बनाएको नवौँ पञ्चवर्षीय योजनामा त १० मेगावाटसम्म मात्र निजी क्षेत्रले आयोजना अघि बढाउन सक्ने उल्लेख गरेको थियो । तर अहिले ५ सय मेगावाटसम्मका आयोजना निर्माण गर्न निजी क्षेत्र सक्षम भैसकेको छ ।

सरकारले पनि परम्परागत मोडेलमा परिवर्तन गरी सार्वजनिक निजी साझेदारी (पीपीपी) र कम्पनी मोडेलमा आयोजना निर्माण गरिरहेको छ । अहिले ४ हजार मेगावाट जडित क्षमता रहेकोमा सरकारको ६५० मेगावाटको हाराहारीमा छ भने निजी क्षेत्रको ३३ सय मेगावाट नाघेको छ । अहिले ६ हजार मेगावाट बराबरका सबै निर्माणाधीन आयोजनाहरू निजी क्षेत्रकै नेतृत्वमा अघि बढेका छन् । निजी क्षेत्रले यो बाहेक झण्डै ३० हजार भन्दा बढी क्षमताका आयोजना अघि बढाउन अनुमतिपत्र लिएर अघि बढेको छ । यति छोटो समयमै यति धेरै सफलता पाउनुको पछाडिको संघर्ष, सास्ती र दुःखका कथाहरू धेरै छन् । प्रत्येक समय अनुसार फरक-फरक किसिमका समस्यासँग जुध्दै निजी क्षेत्र यहाँसम्म आइपुगेको हो ।

## निजी क्षेत्र प्रवेशपछिको वित्तीय व्यवस्थापन

निजी क्षेत्रको प्रवेशसँगै जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनमा पनि ठूलो परिवर्तन आएको छ । प्रारम्भिक अवस्थामा बैंक तथा वित्तीय संस्थाहरू जलविद्युत् क्षेत्रमा लगानी गर्न हिच्किचाउने अवस्था थियो । आयोजनाहरू उच्च जोखिमयुक्त मानिन्थे र ऋण प्रवाह सीमित थियो । स्वपुँजी संकलन पनि कठिन थियो, जसका कारण साना आयोजनाहरू पनि निर्माण गर्न निकै संघर्ष गर्नुपर्थ्यो । तर समयसँगै वित्तीय प्रणालीमा सुधार हुँदै गयो । बैंकिङ क्षेत्रले जलविद्युत् क्षेत्रको सम्भावना पहिचान गर्दै ठूलो मात्रामा ऋण प्रवाह गर्न थाल्यो । नेपाल राष्ट्र बैंकले ऊर्जा क्षेत्रमा कर्जा लगानीलाई प्रोत्साहन गर्ने नीति ल्याएपछि बैंकहरूको सहभागिता झन् बढ्यो ।

हालको अवस्थामा जलविद्युत् आयोजनाहरू प्रायः ७५ प्रतिशत ऋण र २५ प्रतिशत स्वपुँजीको संरचनामा निर्माण भइरहेका छन् । बहुबैंक (सिन्डिकेट) ऋण प्रणाली, हकप्रद सेयर, आईपीओ जस्ता वित्तीय उपकरणहरूको प्रयोगले वित्तीय व्यवस्थापनलाई व्यवस्थित बनाएको छ । यसले निजी क्षेत्रलाई ठूला परियोजनाहरूमा लगानी गर्न सक्षम बनाएको छ ।

## जलविद्युत्मा बैकहरको लगानीको अवस्था

नेपालमा स्वदेशी निजी क्षेत्रले पहिलो पटक निर्माण गरेको आयोजनाको लागत करिब तीन करोड थियो । त्यो बेलामा निजी क्षेत्रले ऋण लगानी गरेर आयोजना बनाउनु नै सबैभन्दा कठिन थियो । ५ मेगावाटको आयोजनाको लागि ५/७ बटा बैंकहरूको ऋण आवश्यकता थियो । अझ स्वपुँजी संकलन पनि कठिन थियो । तर अहिले निर्माणाधीन सबैभन्दा ठूलो ३४१ मेगावाटको आयोजनालाई हेर्ने हो भने १० वटा बैंकहरूले ५२.५ अर्ब ऋण लगानी गरेका छन् भने १७.५ अर्ब त स्वपुँजी लगानी हुँदैछ । यसरी साढे दुई दशकमै नेपालको निजी क्षेत्र यति धेरै लगानी गर्ने र त्यसको व्यवस्थापन गर्ने क्षमतामा पुगिसकेको छ ।

हुन त राष्ट्रिय योजना आयोगले तयार पारेको नवौँ पञ्चवर्षीय योजनामा तुलनात्मक रुपमा सस्तो विद्युत् उत्पादन एवं विदेशी मुद्रा प्रतिस्थापनको भारलाई घटाउन आन्तरिक विद्युत् मागको आपूर्तिका लागि स्वदेशी निजी




लगानीकर्ताको संलग्नता बढाउँदै लैजानु आवश्यक भन्दै १ देखि १० मेगावाटसम्मका विद्युत् आयोजनामा पुँजी जुटाउनु आन्तरिक पुँजी बजारको विस्तार गर्ने उल्लेख थियो अर्थात् निजी क्षेत्रले १० मेगावाटभन्दा बढी निर्माण गर्न सक्दै न भन्ने थियो । तर निजी क्षेत्र यति धेरै सक्षम बन्दै गयो कि अहिले ५ सय मेगावाटसम्म निर्माण गर्न तयार भइसकेको छ । नेपालका बैंक तथा वित्तीय संस्थाहरू समेत लगानी गर्न तयार भइसकेका छन् ।

## विद्युत् क्षेत्रमा १३ खर्ब लगानी

सन् २००९ जुलाईमा विद्युत् क्षेत्रमा कर्जा लगानी केवल २.७६ अर्ब रुपैयाँ रहेकोमा पछिल्लो समयमा बढेर साढे ४ खर्ब पुगिसकेको छ । यसले १४५ गुणाभन्दा बढी वृद्धि भएको संकेत गर्दछ । कुल बैंक कर्जामा विद्युत् क्षेत्रको हिस्सेदारी निरन्तर रूपमा बढ्दै गएको छ, विशेषतः २०१८ पछि ठूला विद्युत् आयोजनाहरू कार्यान्वयनमा जान थालेपछि यो वृद्धि अझ तीव्र भएको छ ।

राष्ट्रिय महत्व र आवश्यकतालाई आत्मसात गर्दै नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्नो कुल कर्जा पोर्टफोलियोको अधिकतम १० प्रतिशतसम्म विद्युत् क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था लागू गर्नु पनि हो । यस नीतिगत प्रोत्साहनले पछिल्ला वर्षहरूमा विद्युत् तथा ऊर्जा पूर्वाधारमा लगानी उल्लेखनीय रूपमा बढाउन महत्वपूर्ण उत्प्रेरकको भूमिका खेलेको छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्क अनुसार हाल विद्युत् क्षेत्रमा प्रवाहित कुल कर्जा ४ खर्ब ५६ अर्ब रुपैयाँ रहेको छ । यही समयमा




'परम्परागत मोडेलबाट कम्पनी मोडेलमा आएको ऊर्जा क्षेत्रमा अब लगानी मैत्री वातावरणका लागि वन, वातावरण र जग्गा प्राप्तिमा नीतिगत स्थिरता अनिवार्य छ ।'

बैंकहरूको कुल कर्जा ५६ खर्ब ४३ अर्ब रुपैयाँ रहेको छ । यहाँ ऊर्जा क्षेत्रको हिस्सा ८.१० प्रतिशत रहेको छ ।

हालसम्म निजी क्षेत्रले प्रवर्द्धन गरेका विद्युत् आयोजनाहरूमा १३ खर्ब १० अर्ब ६० करोड ७९ लाख रुपैयाँभन्दा बढी लगानी भइसकेको छ । जसमा बैक तथा वित्तिय संस्थाहरूको ऋण लगानी ८ खर्ब ४० अर्ब ७९ करोड छ भने स्वपुँजी ४ खर्ब ३९ अर्ब ८२ करोड छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र बीएफआईएस न्युज प्रालिले निर्माण सम्पन्न र निर्माणाधीन आयोजनाको हकमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज (नेप्से), रेटिङ एजेन्सी र विद्युत् कम्पनीहरूको प्रतिवेदनमा आधारित भएर तथा सर्भे, उत्पादन अनुमतिपत्रहरूको हकमा नमूना रुपमा आयोजनाहरूको छनोट तथा विज्ञ विशेषज्ञहरूको परामर्शको आधारमा तथ्य र तथ्यांक केलाउँदा यति लगानी देखिएको हो । आर्थिक वर्ष २०८१/०८२ सम्मका निजी क्षेत्रको नेतृत्वमा निर्माण भएका, निर्माणाधीन र निर्माणका विभिन्न चरणमा रहेका ३४ हजार ७८६ मेगावाटका ९२३ आयोजनाहरूमा भएको लगानी यसमा विश्लेषण गरिएको छ । गत आर्थिक वर्षसम्ममा निजी क्षेत्रको निर्माण सम्पन्न २ हजार ९४८ र निर्माणाधीन ४ हजार ३०३ मेगावाट गरी ७ हजार २५१ मेगावाटका ३४७ आयोजनामा मात्र १२ खर्ब ४३ अर्ब ९९ करोड १० लाख लगानी भएको छ । जसमध्ये बैंक तथा वित्तिय संस्थाहरूबाट ८ खर्ब ४० अर्ब ७९ करोड ३७ लाख ऋण लगानी भएको छ । बैंकहरूको लगानी गत असारसम्म ४ खर्ब ४७ अर्ब ४६ करोड थियो भने नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष र चिलिमे विद्युत् आयोजनाबाट ६६ अर्ब ६० करोड तथा विदेशी लगानीबाट ५४ अर्ब ५६ करोड ऋण लगानी भएको छ । हालसम्म ऋण लगानीमध्ये निर्माण सम्पन्न आयोजनाले २ खर्ब ७२ अर्ब १७ करोड सावा ब्याज बैंक तथा वित्तिय संस्थालाई तिरिसकेका छन् ।

यसैगरी सर्भे, उत्पादन र यसका आवेदन दिएका २७ हजार ५३५ मेगावाटका ५७६ मेगावाटका आयोजनाको लागि ६६ अर्ब ६२ करोड स्वपुँजी लगानी गरेका छन् । यी आयोजनाहरूमा बैंक तथा वित्तिय संस्थाको ऋण लगानी छैन । सर्भे, उत्पादन र यसका लागि आवेदन दिएका आयोजनाहरू मध्येबाट केही आयोजनाहरूको अहिलेसम्मको लागत विश्लेषण तथा यस क्षेत्रमा काम गरिरहेका चार्टर एकाउण्टेण्ट र ऊर्जा विज्ञहरूसँगको परामर्शमा इप्पानले प्रति मेगावाट लागतसहितको तथ्यांक संकलन गरेको छ ।

अध्ययन अनुसार, सर्वेक्षण अनुमतिका लागि आवेदन दिइएका १६९ वटा आयोजनाहरूको कुल क्षमता ५ हजार ३२१ मेगावाट रहेको छ । यस चरणमा प्रति मेगावाट करिब ३ लाख रुपैयाँ खर्च भएको छ । जसअनुसार कुल ५.३२ अर्ब रुपैयाँ लगानी भइसकेको छ । यसैगरी सर्भे अनुमतिपत्र लिएर अध्ययन र डिजाइन समेत गरी प्रति मेगावाट १० खर्च भएको अध्ययनले देखाएको छ । जस अनुसार, ६ हजार ३६० मेगावाटका






२०२ आयोजनामा मात्र निजी क्षेत्रले ६ अर्ब ३६ करोड रुपैयाँ खर्च गरेको छ ।

निर्माण इजाजत प्राप्त चरणमा १२६ वटा आयोजना रहेका छन्, जसको कुल क्षमता ६ हजार ४२४ मेगावाटका लागि आयोजनाका लागि निजी क्षेत्रले २३ अर्ब ७६ करोड लगानी गरिसकेको छ । यस चरणमा प्रति मेगावाट करिब ३७ लाख रुपैयाँ खर्च भएको अध्ययनले देखाएको छ । यस्तै निर्माण अनुमतिका लागि आवेदन चरणमा रहेका ९ हजार ४३० मेगावाट बराबरका ७९ आयोजनाका लागि ३४ अर्ब ८९ करोड बराबरको लगानी निजी क्षेत्रले गरिसकेको छ । जसमा पनि प्रति मेगावाट ३७ लाख बराबरको निजी क्षेत्रले खर्च गरिसकेको अध्ययनले देखाएको छ । विस्तृत इन्जिनियरिङ, जग्गा अधिग्रहण तथा नियामकीय प्रक्रिया पूरा गर्नुपर्ने भएकाले यस चरणमा लगानी उल्लेखनीय लगानी हुने गरेको छ । यद्यपि, निर्माणका लागि तयारी पूरा भएता पनि विद्युत् खरिद सम्झौता (पीपीए) नभएको कारण यसमा बैंक तथा वित्तिय संस्थाहरूको ऋण परिचालन भएको छैन । विद्युत् प्राधिकरणको तथ्यांक अनुसार, हाल १३ हजार मेगावाट बराबरका आयोजनाले पीपीएका लागि आवेदन दिएका छन् ।

## भविष्यमा लगानीको आवश्यकता

सरकारका योजना तथा कार्यक्रममा ऊर्जालाई मुलुकको आर्थिक विकासको संवाहकको रुपमा लिएर यसलाई विशेष प्राथमिकता पनि दिइएको छ । सरकारले एक वर्ष अघि सार्वजनिक गरेको ऊर्जा विकास मार्गचित्रले सन् २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनका लागि ६१ खर्ब रुपैयाँ आवश्यक परेको औंल्याएको छ । जसमध्ये करिब ४० खर्ब निजी क्षेत्रको लगानी आवश्यकता औंल्याइएको छ । यसैगरी राष्ट्रिय योजना आयोगले विक्रम संवद २१०० भित्र ४० हजार मेगावाट उत्पादन पुऱ्याउने लक्ष्य राखेको छ, यसको ४० खर्बभन्दा बढी आवश्यकता पर्दछ । तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडीसी) ले सन् २०३० भित्र १४ हजार र सन् २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने लक्ष्य राखेको छ । यसको लागि पनि ठूलो लगानीको आवश्यकता छ ।

अहिले प्रति मेगावाट जलविद्युत्को उत्पादन २० करोडमा आधारमा गणना गरिन्छ । गत असारसम्म सर्भेका लागि आवेदन दिएका बाहेक सर्भे अनुमतिपत्र, उत्पादन अनुमतिपत्र र उत्पादनका लागि अनुमतिपत्र लिएका २१ हजार १११ मेगावाटका आयोजनाको लागि मात्र हेर्ने हो भने पनि ४२ खर्ब २२ अर्ब लगानी आवश्यकता देखिन्छ ।

जल तथा ऊर्जा आयोगले गरेको अध्ययनले ४८ हजार मेगावाटका जलाशययुक्त आयोजनासहित १ लाख २० हजार मेगावाटको उत्पादन क्षमता जलविद्युत्को मात्र देखाएको छ । सबैभन्दा बढी लागत पर्ने जलाशययुक्त आयोजना त हालसम्म १०६ मेगावाट मात्र बनेको छ भने १४० मेगावाट निर्माणाधीन छ । यसका लागि ठूलो लगानी आवश्यक पर्छ । हालसम्म ४ हजार मेगावाट निर्माण सम्पन्न भएको छ भने अर्को ६ हजार मेगावाट निर्माणाधीन छ । बाँकी ६० हजार मेगावाटभन्दा धेरै आयोजना निर्माण गर्ने हो भने ठूलो लगानीको आवश्यकता पर्दछ ।

नेपालको ऊर्जा क्षेत्रमा भविष्यमा ठूलो लगानी आवश्यकता देखिएको छ । तर लगानीका लागि धेरै सुधार्नुपर्ने नीति, कानुन र प्रक्रियाहरू छन् । सहज तरिकाले लगानी गर्ने वातावरण निर्माण हुन

'कुल ५६ खर्ब ४३ अर्बको बैंक कर्जामध्ये ऊर्जा क्षेत्रको हिस्सा ८.१० प्रतिशत अर्थात् ४ खर्ब ५६ अर्ब पुगिसकेको छ ।'



सके मात्र लगानीको व्यवस्थापनमा सहजता आउँछ । सरकार एक्लैले गर्ने लगानीले मात्र जलविद्युत् आयोजना निर्माण असम्भव भएकाले लगानीका लागि सहज हुने गरी सुधारहरू गर्न जरुरी छ ।

### लगानी वृद्धिका लागि गर्नुपर्ने सुधारहरू

नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रले उल्लेखनीय सफलता हासिल गरे पनि विभिन्न चुनौतीहरू अझै कायम छन् । नीतिगत अस्थिरता, प्रसारण लाइनको अभाव, पीपीएमा अनिश्चितता, स्थानीय अवरोध, जलवायु परिवर्तनजन्य जोखिम, तथा वित्तीय व्यवस्थापनका समस्या प्रमुख चुनौतीका रूपमा रहेका छन् । यी चुनौतीहरूको समाधानका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ । स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन, तथा संस्थागत समन्वयमार्फत समस्या समाधान गर्न सकिन्छ । वित्तीय नवप्रवर्तन, जस्तै ग्रीन बन्ड, दीर्घकालीन ऋण, र विदेशी लगानीको उपयोगले पनि लगानी अभिवृद्धि गर्न सहयोग पुऱ्याउन सक्छ ।




> 'सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट उत्पादन गर्न ६१ खर्ब रुपैयाँ आवश्यक छ, जसमध्ये ४० खर्ब लगानी निजी क्षेत्रबाट जुटाउनुपर्ने चुनौती छ ।'

जलविद्युत् क्षेत्रमा सहज लगानी वातावरण सिर्जना गर्नका लागि नीतिगत तथा कानुनी सुधार अपरिहार्य छन् । हाल विभिन्न निकायहरूबीच समन्वय अभाव, अनुमति प्रक्रियामा ढिलाइ, र नीतिगत अस्थिरताले लगानीकर्तालाई निरुत्साहित गरिरहेको छ । वन तथा वातावरण सम्बन्धी अनुमति प्रक्रियालाई सरल र समयवद्ध बनाउनुपर्ने आवश्यकता छ । धितोपत्र निष्काशनमा दोहोरो अनुमति प्रणाली हटाइ प्रक्रिया सहज बनाउनुपर्छ । विद्युत् खरिद सम्झौता (पीपीए) नियमित रूपमा खुलाउनुपर्ने र निजी क्षेत्रलाई विद्युत् व्यापारमा सहभागी गराउने नीति आवश्यक छ ।

त्यसैगरी प्रसारण लाइन निर्माणमा निजी क्षेत्रको सहभागिता बढाउनुपर्छ । जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम व्यवस्थापनका लागि बीमा प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेछ । स्थानीय तहबाट हुने अवरोध नियन्त्रणका लागि स्पष्ट कानुनी व्यवस्था आवश्यक छ ।

सबैभन्दा महत्वपूर्ण कुरा भनेको नीतिगत स्थिरता हो । बारम्बार नीति परिवर्तन हुने अवस्थाले लगानीकर्तामा अनिश्चितता सिर्जना हुने भएकाले दीर्घकालीन स्थिर नीति आवश्यक छ । गत फागुनको चुनावपछि एउटा दलले स्पष्ट बहुमत ल्याएकोले आगामी दिनमा आयोजना निर्माणका लागि नीतिगत स्थिरता आउने अपेक्षा गरिएको छ ।

True Derma

# SHOPPING FOR DASHAIN?




True Derma®

नयाँ वर्षले ल्याओस घर-घरमा
खुशी। सबै नेपालीमा स्वास्थ्य,
शान्ति र सम्मृद्धि छाओस् - यही
हाम्रो शुभकामना!



**GAURA CONSTRUCTION PVT. LTD.**
MAHARAJGUNJ -03 KATHMANDU
Gmail: guraco@gmail.com

# ढुकुटीमा पैसा, बजारमा सन्नाटा

**`नेपालको बैंकिङ प्रणाली अझै पनि स्थिर सम्पत्तिको धितोमा मात्रै अड्किएको छ । परियोजनाको `क्यास फ्लो´ भन्दा जग्गाको लालपुर्जा हेरेर कर्जा दिने प्रवृत्तिका कारण वास्तविक उत्पादनशील क्षेत्र सधैँ ओझेलमा पर्‍यो ।´**

नेपालको वित्तीय इतिहासमा यतिवेला एउटा गम्भीर दृश्य देखिएको छ– बैंकका भल्टहरू निक्षेपले भरिएका छन्, ब्याजदर एकल अंकमा झर्दैछ, तर कर्जा लिन व्यवसायीहरू डराइरहेका छन् । यो दशकौंदेखि थुप्रिएको नीतिगत र संरचनात्मक कमजोरीको परिणाम हो । आखिर कसरी सुध्रिएला त बैंकिङ क्षेत्रको साख ? राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेलको विश्लेषणः

## १. पृष्ठभूमि

नेपालको बैंकिङ क्षेत्र लामो समयदेखि मुलुकको आर्थिक उन्नयनमा जोडिएको छ । निजी क्षेत्रको लगानी विस्तार, रोजगारी सिर्जना र समग्र आर्थिक गतिविधिलाई गतिशील बनाउन बैंक तथा वित्तीय संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाल जस्तो मुलुक, जहाँ पुँजी बजारको विकास र विस्तार भइसकेको छैन । यस्तो अवस्थामा निजी क्षेत्रका लागि वित्तीय स्रोतको भरपर्दो स्रोत बैंकिङ क्षेत्र नै हो ।

तर, नेपाली अर्थतन्त्रको मेरुदण्ड र निजी क्षेत्रको समृद्धिको मुख्य खाँबो मानिने बैंकिङ क्षेत्र यतिवेला अभूतपूर्व विरोधाभाषको भुमरीमा छ । एकातिर बैंकमा लगानीयोग्य रकम (तरलता) थुप्रिएको छ भने अर्कोतर्फ लगानीतकर्तामा उत्साह छैन । कर्जा खुम्चिएको छ, निजी क्षेत्रको मनोबल खस्किएको छ । पुँजी बजारको सीमितताका कारण वित्तीय स्रोतका लागि बैंकहरूमै निर्भर हुनुपर्ने बाध्यताबीच बढ्दो निष्क्रिया कर्जाले समग्र प्रणालीको साखमाथि नै प्रश्नचिन्ह खडा गरेको छ ।

आखिर अर्बौंको पैसा ढुकुटीमा थुप्रिँदा पनि बजार किन चलायमान हुन सकेन ? नेपालको बैंकिङ क्षेत्र यस्तो अवस्थासम्म कसरी आइपुग्यो ? नेपाल राष्ट्र बैंकले यस अवस्थालाई सम्बोधन गर्न के–के कदम चालिरहेको छ ? दीर्घकालिन रूपमा यस संकटबाट कसरी बाहिर निस्कन सकिन्छ भन्ने बारेमा यहाँ चर्चा गरिएको छ ।

## २. नेपालको बैंकिङ क्षेत्रको ऐतिहासिक विकासक्रमः तीव्र विस्तार, कमजोर आधार

नेपालको बैंकिङ क्षेत्रले सन् १९८० को दशकपछि वित्तीय उदारीकरणसँगै तीव्र विस्तारको गति समातेको हो । वैदेशिक संयुक्त लगानी तथा निजी क्षेत्रको सहभागितामा बैंकहरूको प्रवेश, साना तथा मझौला वित्तीय संस्थाहरूको संख्यामा उल्लेख्य वृद्धि र वित्तीय पहुँच विस्तारले अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको विषयमा कुनै सन्देह छैन ।

विप्रेषण आप्रवाहमा भएको वृद्धिसँगै वित्तीय प्रणालीमा तरलता थुप्रिँदा विशेषगरी २००९–२०१२ र २०१६–२०१९ को अवधिमा कर्जा विस्तार उल्लेखनीय रूपमा बढ्यो । कोभिड–१९ को अवधिमा लिइएको सहज मौद्रिक नीतिका कारण कर्जा प्रवाह उच्च रह्यो ।

तर, यो विस्तारले अर्थतन्त्रमा रोजगारी, आयआर्जन तथा आयात प्रतिस्थापनमा खासै प्रभाव पार्न नसकेकै हो । कर्जा प्रवाह मुख्यतः धितोमा आधारित हुँदा सम्पत्ति (जग्गा जमिन) को मूल्य आकासियो । अर्थतन्त्रमा उद्योगधन्दा र ठूला पूर्वाधार सञ्चालनमा बग्रेल्ती समस्याका कारण परियोजनामा आधारित भएर गरिने कर्जा प्रवाहमा बैंकहरूले अरूचि राख्ने तथा नियामकले कडाइ गर्न नसक्ने अवस्था सिर्जना भयो ।

यसले बैंकिङ प्रणालीलाई संरचनात्मक रूपमा कमजोर बनायो । उत्पादनशील क्षेत्रमा भन्दा रियल इस्टेट, व्यापार र आयातमुखी क्षेत्रमा कर्जा बढी केन्द्रित भयो । यसले दीर्घकालिन रूपमा जोखिम बढाउँदै लग्यो ।

## ३. वर्तमान समस्याः विरोधाभासपूर्ण अवस्था

हाल नेपालको बैंकिङ प्रणालीमा निम्न बमोजिमको विरोधाभासपूर्ण अवस्था विद्यमान छः

**क. अत्यधिक तरलता तर कर्जा मागको अभावः**

बैंकहरूमा निक्षेपको वृद्धि दर कर्जाको भन्दा उच्च छ । ब्याजदर घट्दो क्रममा छ । तर पनि निजी क्षेत्र कर्जा लिन इच्छुक छैन । अर्थात् बैंकेबल परियोजना लिएर कर्जाको माग गर्न बैंक समक्ष जाने व्यवसायी तथा ऋणीहरूको अभाव छ । यसको मुख्य कारण लगानीयोग्य परियोजनाको अभाव र व्यावसायिक आत्मविश्वासमा देखिएको गिरावट हो ।

**ख. निष्क्रिय कर्जाको वृद्धिः**

अर्थतन्त्र सुस्त हुँदा कम्पनीहरूको आम्दानी घटेको छ, जसले व्यवसायीले लिएको कर्जाको साँवा–ब्याज फिर्ता गर्न कठिनाइ थपिएको छ । विशेषगरी रियल इस्टेट र व्यापार क्षेत्रमा उच्च जोखिम देखिएको छ ।



गुरूप्रसाद पौडेल
प्रवक्ता, नेपाल राष्ट्र बैंक



## आखिर अबौंको पैसा ढुकुटीमा थुप्रिँदा पनि बजार किन चलायमान हुन सकेन ? नेपालको बैंकिङ क्षेत्र यस्तो अवस्थासम्म कसरी आइपुग्यो ?

**ग. मौद्रिक नीति प्रसारण प्रभावकारितामा समस्याः**

नेपाल राष्ट्र बैंकले ब्याजदर घटाए पनि त्यसको प्रभाव कर्जा विस्तारमा प्रभावकारी रूपमा देखिएको छैन । यसलाई कतिपयले 'तरलताको जालोको अवस्था' भनेर पनि व्याख्या गर्ने गरेका छन् । तथापि, वास्तविक ब्याजदर झिनो भए पनि सकरात्मक छ, अतः यसलाइ कमजोर ऋण मागका साथ अत्यधिक तरलताको अवस्था मान्न सकिन्छ ।

**घ. क्षेत्रगत असन्तुलनः**

नेपाल राष्ट्र बैंकले करिव ४० प्रतिशत निर्देशित क्षेत्रमा कर्जा प्रवाह गर्न खोजे पनि कर्जा प्रवाह उत्पादनशील क्षेत्रभन्दा आयातमुखी क्षेत्रमा बढी केन्द्रित भएको छ । जसले दीर्घकालिन आर्थिक स्थायित्वमा चुनौती थपेको छ ।

### ४. समस्या पहिचान

नेपालको बैंकिङ समस्या बितेका एक-दुई वर्षमा देखिएको होइन । अर्थात् यो आकस्मिक नभई दीर्घकालिन संरचनात्मक र चक्रीय कारणहरूको परिणाम हो । जस्तो-

**क. समष्टिगत आर्थिक कारण**

- दशकौंदेखिको सुस्त आर्थिक वृद्धि,
- उपभोग र लगानीमा गिरावट आउनु,
- कोभिडको समयमा लिइएका आयात नियन्त्रणका नीति, जसले व्यावसायिक गतिविधिमा संकुचन आउनुका साथै कर्जा माग घटाउनु,
- राजनीतिक घटनाक्रमहरू ।

**ख. नीतिगत कारण**

- लामो समयदेखि (सम्वत् २०६६ । ६७ देखि) प्रयोगमा रहेका निर्देशनात्मक कर्जाको प्रभाव उल्लेख्य नदेखिनु,
- कोभिड लगत्तै लिइएको कडा मौद्रिक नीतिले कर्जा विस्तार अचानक रोकिनु,
- ब्याजदरमा तीव्र उतारचढावले व्यवसायहरूलाई अनिश्चित बनाउनु ।

**ग. संरचनात्मक कमजोरी**

नेपालको बैंकिङ प्रणाली अझै पनि धितोमा आधारित (स्थिर सम्पत्तिको धितोमा करिव दुई-तिहाइ) कर्जा प्रवाह हुँदा परियोजनाको नगद प्रवाहलाई आधार मान्ने प्रणालीको विकास हुन नसकेको । साथै, वित्तीय प्रणालीमा जो खिम व्यवस्थापन प्रणाली अझै पर्याप्त सुदृढ हुन नसकेको ।

**घ. बाह्य कारण**

- कोभिड-१९ महामारी,
- वैश्विक आर्थिक मन्दी,
- अन्तर्राष्ट्रिय भू-राजनीतिमा देखिएका तनावहरूका कारण आपूर्तिमा भएको अवरोध
- रेमिट्यान्समा अधिक निर्भरता जस्ता कारणहरूले अर्थतन्त्रलाई अस्थिर बनाएका छन् ।

### ५. नेपाल राष्ट्र बैंकका नीतिगत पहलकदमी

उपर्युक्त पृष्ठभूमिमा नेपाल राष्ट्र बैंकले विभिन्न मौद्रिक तथा नियामक उपायहरू अवलम्बन गरेको छः

**क. मौद्रिक नीतिगत तथा म्याक्रोप्रुडेन्सियल उपाय**

- नीति दरमा समायोजन

**ब्याजदर घटाउनु वा मौद्रिक नीतिमा लचकता ल्याउनु मात्रै दीर्घकालीन समाधान होइन । जबसम्म सरकारले पुँजीगत खर्च बढाउँदैन र निजी क्षेत्रमा लगानीको विश्वास जाग्दैन, तबसम्म बैंकको पैसाले मात्र अर्थतन्त्र दौडिँदैन ।**

- सीआरआर र सीएलआरमा लचकता
- पुनर्कर्जा सुविधा विस्तार
- साना तथा मझौला कर्जा प्रवाहमा लचकता
- लोन-टू-भ्यालु सीमा समायोजन
- क्षेत्रगत कर्जा सीमाहरूमा हेरफेर

**ख. नियामक लचकता**

- कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणमा सहजीकरण
- एनपीएल वर्गीकरणमा अस्थायी सहुलियत
- कालोसूची तथा कन्स्ट्रक्सन क्षेत्रमा जेभीसम्बन्धी व्यवस्थामा लचकता ।

**ग. तरलता व्यवस्थापन**

- खुला बजार कारोबार सञ्चालन गरी प्रभावकारी रूपमा तरलताको व्य( वस्थापन भएको,
- स्थायी तरलता सुविधा, बोलकबोल निक्षेप तथा बण्ड जारी गरी तरलता व्यवस्थापन गर्ने पहल
- उपर्युक्त उपायहरूले अल्पकालिन रूपमा बैंकिङ प्रणालीलाई स्थिर राख्न मद्दत गरेकै हुन् । जसका कारण मुलुकका अन्य क्षेत्रको तुलनामा यो क्षेत्र तुलनात्मक रूपमा सबल र सक्षम पनि छ ।

## ६. के यी उपाय पर्याप्त छन् त ?

नेपाल राष्ट्र बैंकका कदमहरू यथोचित तवरले ल्याउन खोजिए पनि पर्याप्त भने देखिएका छैनन् । कर्जा पुनर्संरचना र लचकता नीतिले तत्काल राहत त दिन्छ, तर यसले नैतिक जोखिम सिर्जना गर्न सक्छ । दीर्घकालिन रूपमा यसले वित्तीय अनुशासन कमजोर बनाउने सम्भावना रहन्छ । त्यसैगरी, तरलता व्यवस्थापनमा सफलता प्राप्त भए पनि कर्जा माग सिर्जना गर्न नसकिएको अवस्था देखिन्छ । यसले स्पष्ट संकेत गर्छ कि समस्या आपूर्ति होइन, माग पक्षमा छ । धेरै उपायहरू 'लक्षण उपचार' जस्ता हुँदा समस्याको मूल कारण पहिल्याएर जरामा पुग्नेभन्दा प्रभावलाई कम गर्ने प्रयास गरिएको जस्तो देखिएका छन् । मूल जरोमै पुग्न मौद्रिक अधिकारीका हिसाबले राष्ट्र बैंक एक्लैको प्रयासले नभ्याउने देखिन्छ ।

**नीति सन्देशः** नेपालको अनुभवले एउटा महत्त्वपूर्ण सन्देश दिन्छ । तरलता मात्र पर्याप्त हुँदैन । बैंकहरूमा पैसा हुनु र अर्थतन्त्रमा लगानी हुनु फरक कुरा हो । वित्तीय स्थायित्व सुनिश्चित गर्न समग्र अर्थतन्त्र सुदृढ हुनुपर्छ ।

## ७. आगामी कार्यदिशा

नेपालको बैंकिङ क्षेत्रलाई दीर्घकालिन रूपमा सुदृढ बनाउन समन्वयात्मक ढंगले बहुआयामिक सुधार गर्न आवश्यक छ ।

**क. माग-पक्ष सुदृढीकरणः यसका लागि देहायका विषय अपरिहार्य छन्**

पारदर्शिताका लागी शासकीय सुधार जरूरी छ ।

- समग्र आर्थिक गतिविधिलाई चलायमान बनाउन सरकारद्वारा पुँजीगत खर्चको प्रभावकारी कार्यान्वयन तथा तीव्रता अत्यन्त आवश्यक छ ।
- भौतिक तथा डिजिटल पूर्वाधारमा व्यापक लगानी विस्तार गर्नुको विकल्प छैन ।
- औद्योगिक विकास, लगानीमैत्री वातावरण तथा निजी क्षेत्रको विश्वास अभिवृद्धिबाट मात्र दीर्घकालिन रूपमा कर्जा माग सुदृढ हुन सक्छ ।

**ख. बैंकिङ सुधार**

- परम्परागत धितोमा आधारित कर्जा प्रवाह प्रणालीबाट क्रमशः नगद प्रवाहमा आधारित तथा परियोजना-आधारित वित्तीय प्रवाहतर्फ रूपान्तरण हुन आवश्यक छ, जसका लागि आवश्यक कानुनी, नियामकीय तथा संस्थागत पूर्वाधारमा समायोजन हुनु पर्दछ ।
- डिजिटल प्रविधिको प्रभावकारी उपयोग, डेटामा आधारित निर्णय प्रणाली विकासमा विशेष जोड दिन आवश्यक छ ।

**ग. खराब सम्पत्ति व्यवस्थापन गर्न संस्थागत संरचनाः**

- असल अन्तर्राष्ट्रिय अभ्यास समेतको अध्ययनका आधारमा उपयुक्त मोडलको सम्पत्ति पुनर्निर्माण कम्पनी (एआरसी) स्थापना गरी चुलिँदै गएको निष्क्रिय कर्जा तथा गैरबैंकिङ सम्पत्तिको व्यवस्थापना हुनुपर्दछ ।

**घ. मौद्रिक र वित्त नीतिबीचको समन्वय तथा सहकार्यः**

- मौद्रिक नीति एक्लैले अर्थतन्त्रलाई गति दिन नसक्ने देखिन्छ । त्यसैले, समष्टिगत आर्थिक स्थायित्व र वृद्धिका लागि मौद्रिक र वित्तीय नीतिबीच सुदृढ, पूर्वानुमानयोग्य समन्वय अपरिहार्य छ ।
- संरचनात्मक सुधार,
- उत्पादनमुखी क्षेत्रहरूको प्रवर्द्धन,
- आयात निर्भरता न्यूनीकरण आयात प्रतिस्थापनमा जोड,
- निर्यातमुखी औद्योगिकीकरणका लागि दीर्घकालिन प्रतिस्पर्धात्मकता अभिवृद्धि,
- नेपालको बैंकिङ स्थायित्वको लागि समेत समग्र आर्थिक दृष्टिकोणमा परिवर्तन आवश्यक छ ।

## ८. निष्कर्ष

नेपालको बैंकिङ क्षेत्रले सामना गरिरहेको वर्तमान चुनौतीहरू केवल चक्रीय नभई लामो समयदेखिका थिग्रिएर बसेका संरचनात्मक समस्याहरू हुन । नेपाल राष्ट्र बैंकद्वारा अवलम्बन गरिएका विभिन्न नीतिगत उपायहरू महत्त्वपूर्ण भए पनि ती उपायहरू मात्र दीर्घकालिन समाधानका लागि पर्याप्त देखिँदैनन् । यसका लागि सरकार, केन्द्रीय बैंक तथा निजी क्षेत्रबीच सुदृढ नीतिगत समन्वय र सहकार्य आवश्यक छ । ब्याजदर घटाउने जस्ता अल्पकालिन उपायहरू मात्र समाधान होइनन्; वास्तविक समाधान अर्थतन्त्रको उत्पादनशील आधार विस्तार, लगानी प्रवाह वृद्धि तथा वित्तीय प्रणालीको संरचनात्मक सुदृढीकरणमा निहित छ ।

अन्ततः नेपालको बैंकिङ स्थायित्व सुनिश्चित गर्न समग्र आर्थिक सोच, नीतिगत दृष्टिकोण तथा कार्यान्वयन क्षमतामा हुन आवश्यक देखिन्छ ।

*(नेपाल राष्ट्र बैंकको प्रवक्ता गुरूप्रसाद पौडेलसँग कुराकानीमा आधारित)*











MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.**
**फोनः ०१-४७२१६४१, ०१-४७२१६४२**
**महाराजगञ्ज, काठमाण्डौं ।**
**वेबसाइटः www.mbjcl.com.np**

# ईङ्वा हाईड्रोपावर लिमिटेड

# INGWA HYDROPOWER LIMITED





# `हजार मेगावाटका आयोजना बनाउन विदेशी लगानीकर्ता गुहार्नु पर्दैन´

बिजुली बेच्नु भनेको कच्चा पदार्थ बेच्नु हो । धानको बोट बेच्ने कि चामलको परिकार ? बिजुली स्वदेशमै खपत गरेर अर्थतन्त्रलाई ८ गुणा ठूलो बनाउन सकिन्छ ।



सन् २००२ मा उच्च शिक्षाका लागि वेलायत पुगेका कदम केसी ११ वर्षको बसाइँपछि सन् २०१३ मा नेपाल फर्किए । विदेशमै भविष्य खोज्नेको को लहर चलिरहँदा उनी भने स्वदेशमै केही गर्ने अठोटका साथ ऊर्जा क्षेत्रमा होमिए । ४ मेगावाटको पुवाखोला-१ बाट जलविद्युत् उद्यमीको यात्रा सुरु गरेका केसीले अहिले ९६ मेगावाटको दूधकोशी जलविद्युत् आयोजना निर्माण गरिरहेका छन् भने २७० मेगावाटको भेरी आयोजनाको तयारीमा छन् । निर्माण व्यवसाय (हिमाल हाइड्रो) देखि पर्यटन (फिस टेल ड्रिम पार्क) र फिनटेकसम्म आफ्नो लगानी विस्तार गरेका केसी नेपाललाई `ग्रिन इनर्जी हब´ बनाउनुपर्ने वकालत गर्छन् । यिनै समसामयिक विषयमा केसीसँग नेपाल क्लिक्सका लागि सीता बुढाथोकीले गरेको संवादको सम्पादित अंशः

**विदेश पुगेपछि नेपालीहरू हत्तपत्त स्वदेश फर्कन चाहँदैनन् । तपाईं किन वेलायत छाडेर नेपाल आउनुभयो ?**

म उच्च शिक्षाका लागि सन् २००२ मा वेलायत (लिभरपुल) गएको हुँ । त्यतिखेर कमै नेपालीहरू विदेशमा अध्ययन गर्न जान्थे । मैले वेलायतको लिभरपुलबाट पहिलो स्नातकोत्तर अध्ययन पूरा गरें । त्यसपछि दोस्रो स्नातकोत्तर गर्न स्कटल्याण्ड गएँ । वेलायतमा बस्दा `स्वदेश फर्किनुपर्छ, नेपालमै गएर केही गर्नुपर्छ´ भन्ने सोच थियो । समय बित्दै जाँदा गैरआवासीय नेपाली (एनआरएनए) पनि भैहालियो । म सन् २०१३ मा, विशेषगरी ऊर्जा क्षेत्रमा केही काम गर्नुपर्छ सोचेर नेपाल फर्किएको हुँ । फर्किएको १२ वर्ष भैसक्यो, अहिले यतै व्यवसायमा केन्द्रित छु ।

**तपाईं हाल एनआरएनएअन्तर्गत कि विशुद्ध रूपमा नेपाली ?**

म अहिले विशुद्ध नेपाली हो । म १२ वर्षअघिदेखि नै एनआरएनएको कोटाबाट हटिसकें ।

**लगानीका थुप्रै क्षेत्र हुँदाहुँदै किन ऊर्जा क्षेत्र नै रोज्नुभयो ?**

पहिलेदेखि ऊर्जा क्षेत्रमा नै काम गर्छु भन्ने सोच थियो । अन्य सम्भावनाहरू समेत हेरे पनि मेरो प्राथमिकता जलविद्युत्मा थियो । त्यसैले ज्यादातर ऊर्जामै केन्द्रित भएँ ।

**हाई हिमालय हाइड्रोसँग कसरी जोडिनुभयो ?**

हाई हिमालयमा म अलि पछि जोडिएको हुँ । यो खुलेको १६ वर्ष भइसक्यो, म जोडिएको एक दशक भयो । यसको ट्र्याक रेकर्ड राम्रो छ । हामीले ठेकेदारको रूपमा ३० वटा भन्दा बढी जलविद्युत् आयोजनाहरू सफलतापूर्वक सम्पन्न गरिसकेका छौँ ।

**तपाईंको लगानी भएको पहिलो आयोजना कुन हो ?**

लगानीको रूपमा चार मेगावाट क्षमताको पुवा खोला वान हाइड्रोपावर हो । यो आयोजना अहिले चलिरहेको छ । दोस्रो आयोजना २१ मेगावाटको मो लुङ खोला आयोजना हो, जुन ओखलढुंगामा छ । यसको धेरै काम भइसकेको छ । १५ महिनाभित्र बिजुली उत्पादन गर्ने लक्ष्य छ ।

अहिले हामीले ९५.७ मेगावाट क्षमताको दूधकोशी जलविद्युत् आयोजना बनाउँदै छौँ । आयोजना अघि बढाउन जग्गा अधिग्रहणको काम भइरहेको छ । नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पीपीए) र विद्युत् विकास विभागबाट उत्पादन इजाजतपत्र (लाइसेन्स) प्राप्त भइसकेको छ । आयोजनाको महत्वपूर्ण काम वित्तीय व्यवस्थापन पनि भइसकेको छ । लक्ष्मी सनराइज बैंकको अगुवाइमा आयोजनामा ऋण लगानी सम्झौता भएको छ ।

> अरब देशहरू तेल बेचेर धनी बने जस्तै नेपालका लागि हाम्रो जलविद्युत् 'ग्रिन गोल्ड' हो । यसलाई एआई र डेटा सेन्टरसँग जोडेर ठूलो विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।



**पहिला यो आयोजना ७० मेगावाटको थियो । अहिले ९५.७ मेगावाट पुऱ्याउनुभयो । लगानी कति थप्नुपर्‍यो ?**

पहिला यसको लगानी १५ अर्ब रूपैयाँ थियो । क्षमता बढाउँदा २५ प्रतिशत थपेमा करिब २० अर्ब रूपैयाँमा सकिन्छ भन्ने अनुमान छ । पहिलाको परामर्शदाता (कन्सल्टेन्ट) ले गरेको पानीको बहाव (हाइड्रोलोजिकल स्टडी) अध्ययन नमिलेको रहेछ । अहिले हामीले फेरि विस्तृतमा अध्ययन गर्दा पानीको मात्रा निकै बढी देखियो । क्षमता बढाउनुपर्ने प्रमुख कारण भनेको पानी नै हो । पानी बढी भएपछि क्षमता बढ्ने नै भयो ।

**हाल आयोजना विकासकर्ताहरूले आफैं निर्माण कम्पनी खोलेर जलविद्युत् आयोजना निर्माण गरेको पाइन्छ । आफैंले निर्माण कम्पनी खोलेर आफ्नो आयोजना बनाउनु कत्तिको ठीक हो ?**

यसमा सकारात्मक र नकारात्मक दुवै पक्ष छन् । यदि तपाईंसँग लगानी जुटाउन सक्ने सशक्त टिम छ, ३०औं परियोजनामा काम गरेको अनुभव छ भने आफैंले काम गर्दा लागत र समय बचत हुन्छ । काममा पनि सहजता हुन्छ । जस्तै, २२ हजार ५०० मेगावाटको थ्री गर्जेज जलविद्युत् आयोजनाको काम विकासकर्ता कम्पनी आफ्नै इन-हाउस कम्पनीले गरेको रहेछ ।

नकारात्मक पक्ष पनि छन् । यदि अनुभव छैन भने यो एकदमै गाह्रो र दुःखको काम हो । लहडमा गरिने काम होइन । एउटा ४० मेगावाटको आयोजना बनाउन ५०-६० करोड रूपैयाँको उपकरण किन्नुपर्छ ।

हाई हिमालयसँग अहिले २ अर्ब रूपैयाँभन्दा बढीको निर्माण उपकरणहरू छन् । एक सय मेगावाटको आयोजना आउँदा हामीलाई नयाँ निर्माण उपकरण किन्नुपर्दैन । तर, नयाँ साथीहरूले यो गर्दा जोखिम हुन सक्छ ।

**दूधकोशीपछि नयाँ कुन परियोजना ल्याउँदै हुनुहुन्छ ?**

हाम्रो मुख्य बिजनेस जलविद्युत् नै हो । भोलिको दिनमा सरकारले थप लगानीमैत्री नीति बनायो भने हामी जलविद्युत् उत्पादनमा मात्र हैन प्रसारण लाइन, ग्रिन इनर्जी र विद्युत व्यापारमा पनि जान सक्छौं । ९५ मेगावाटको दूधकोशीपछि २७० मेगावाटको भेरी आयोजना निर्माणको तयारी छ ।



### जलविद्युत्बाहेक अन्य कुनै क्षेत्रमा पनि लगानी गर्नेबारे सोच्नुभएको छ ?

अन्य क्षेत्रमा लगानी गर्नेबारे पनि सोचिरहेका छौं । व्यापारभन्दा पनि बढी नयाँ उद्योगहरूमा हाम्रो ध्यान छ । हामी पोखरामा नेपालकै सबैभन्दा ठूलो फन पार्क 'फिस टेल ड्रिम पार्क' चलाउँदैछौं । फिन टेक कम्पनी खोल्ने तयारी लगभग अन्तिम चरणमा छ । डिजिटल बैंकिङ तथा नियो बैंकिङमा पनि जाँदैछौं ।

मेरो आफ्नो प्यासन भनेको ग्रिन इनर्जी उत्पादन नै हो । जस्तो अरेबिकहरू तेल बेचेरै धनी बनेका हुन् । आज पेट्रो-डलर भन्छन्, साउदीसँग टाई-अप गरेको छ ।

अहिले विश्वव्यापी जति पनि एआई कम्पनीहरू छन् । तिनीहरूले ५२ हजार मेगावाट बिजुली खपत गर्दा रहेछन् । बहुर्राष्ट्रिय कम्पनीहरूलाई हामीसँग ग्रिन इनर्जी छ, डेटा सेक्युरिटी र बिजुली आपूर्तिको ग्यारेन्टी गर्छौं भनेर सरकारले लगानीमैत्री नीति ल्याउनुपर्‍यो । ५२ हजार मेगावाटमा पाँच प्रतिशत लिँदाखेरि पनि २ हजार मेगावाट हुन्छ । त्यस्तो बिजनेसको लागि सबैभन्दा ठूलो हतियार भनेको हामी ग्रिन इनर्जी हो । सरकारले चार अंकको माथिल्लो अरुण अर्धजलाशय आयोजना नेपाली पुँजीमा बनाउने निर्णय गरेको छ ।

### १०६३ मेगावाटको माथिल्लो अरुण बनाउन तयार हुनुहुन्छ ?

निजी क्षेत्रलाई सरकारले सहजीकरण गर्ने हो भने जलविद्युत्मा विश्व बैंक र एसियाली विकास बैंक(एडीबी) का साथै कुनै पनि वैदेशिक लगानी चाहिँदैन ।

**सरकारले भारत र बंगलादेशसँग लबिङ गरेर बाटो खोलिदिए पुग्छ, बिजुली व्यापार गर्ने र बजार सुरक्षित गर्ने काम निजी क्षेत्रले आफैं गर्छ ।**

लगानी गर्ने क्षेत्र नभएर अहिले बैंकमा पैसा थुप्रिएको अवस्था छ । सरकारले हाम्रो बिजुली किन्ने ग्यारेन्टी गर्नुपर्‍यो र नीतिगत वातावरण बनाउनुपर्‍यो । हाम्रो नवीकरणीय ऊर्जा भनेको हरित इनर्जी हो, हामीसँग यति सस्तोमा इनर्जी छ । हामीसँग ग्रिन इनर्जी छ । वैदेशिक कम्पनीहरूको लगानी भित्र्याएर सरकारले हामीलाई उत्पादनमा लगाओस् र नीतिगत रूपमा हाम्रो उत्पादनलाई भारत हुँदै बंगलादेश पुर्‍याउन सहजीकरण गरिदियोस् । बंगलादेशको जलविद्युत् क्षमता जम्मा २५० मेगावाट छ । उसलाई त्यहाँको औद्योगिकरण गर्न अधिक ग्रिन इनर्जीको खाँचो छ । उसको अहिले ब्याकबोन भनेको थर्मल हो ।

सरकारले 'चिकेन नेक' बाट भारतसँग लबिङ गरेर प्रसारण लाइन बनाउनुपर्छ । १० हजार मेगावाट बिजुली निर्यात गर्नेगरी तयारी गर्नुपर्छ । प्रसारण लाइन बनाउन पनि पर्दैन । प्रसारण लाइन निजी क्षेत्रले बनाउँछ । तर, त्यो जीटूजी मोडलमा हुनपर्छ ।

हामी बिजुली बेचेर धनी हुन्छौं भन्ने मानसिकता दिमागबाट झिक्नुपर्छ । स्वदेशी बजारको व्यवस्थापन नभएसम्मका लागि मात्रै हामीले बिक्री गर्ने हो भन्नेमा स्पष्ट हुनुपर्छ । ४-५ रूपैयाँ युनिटमा बिजुली बेचेर भन्दा स्वदेशमै खपत गर्दा त्यसले ८ गुणा ज्यादा पुँजी निर्माण हुन्छ । धानको बोट बेच्ने कि धान फलाएर चामल बनाएर भात वा रोटीका परिकार बेच्ने ? बिजुलीबाट विभिन्न सामग्री बनाएर बेच्नुपर्‍यो ।

सरकारले निजी क्षेत्रलाई राजी गरेर विश्वासमा लिँदा एक हजार मेगावाटका आयोजनामा एउटा व्यावसायिक समूहले लगानी गर्न सक्छ । यसका लागि विदेशी गुहार्नु पर्दैन, नेपाली कम्पनीहरूको क्षमता बढिसकेको छ ।

### अहिले निजी क्षेत्रका लागि पीपीए र प्राथमिक शेयर निष्काशन (आईपीओ) समस्या छ । यसले कस्तो प्रभाव पारेको छ ?

विद्युत प्राधिकरणको चिन्ता पनि जायज छ– प्रसारण लाइनको ग्यारेन्टी छैन, स्वदेशमा खपत बढेको छैन । हामीले पीपीए गर्दा 'टेक एन्ड पे'मा गर्नुपर्छ । यसको समाधान बिजुलीको व्यापार निजी क्षेत्रलाई गर्न दिनेगरी खुला गर्नु हो । वितरण विद्युत प्राधिकरणले नै गरोस् । तर, व्यापार र उत्पादनमा निजी क्षेत्रलाई पनि खुला गर्नुपर्छ । त्यसपछि पीपीएको समस्या आफैं समाधान हुन्छ ।

हाम्रो बिजुलीको बजार भारत हो । भारतमा ४ लाख ७० हजार मेगावाट जडित क्षमता छ । उनीहरूलाई कोइला र थर्मल विस्थापित गर्न हाम्रो 'ग्रिन इनर्जी' चाहिन्छ । सरकारले जीटूजी सम्झौता गरेर सहजीकरण गरिदिनुपर्छ । विद्युत व्यापारमा निजी क्षेत्रलाई बाटो खोलिदिए भारतीय बजारमा पुर्‍याउने काम हाम्रो हो ।

भारतीय बजार सुरक्षित गर्न हामीले भारतीय कम्पनीहरूसँग सहकार्य गर्नुपर्छ । ठूला आयोजनामा १०-२० प्रतिशत सेयर भारतीय कम्पनीलाई दिएर उनीहरूसँग साझेदारी गर्दा बजार सुरक्षित हुन्छ । उनीहरूको आफ्नै बजार हुन्छ । भुटानको मोडलमा सरकारले नीतिगतरूपमा सहयोग गर्नुपर्छ । हामी ग्रिन इनर्जीको 'हब' हौं । भारत र बंगलादेशमा यसको उच्च माग छ ।

SEVENSTAR
INTERNATIONAL TRAVEL & TOURS

IATA Accredited Agent

WISHING YOU A JOYFUL NEW YEAR FILLED WITH BLESSINGS OF HAPPINESS, GOOD HEALTH, AND PROSPERITY

## 7 REASONS OF BOOKING FROM SEVEN STAR

- Best counseling and hassle-free ticketing.
- Assurity of secure and viable connection.
- Assistance regarding selection of on-board amenities & travel requirements.
- Seamless booking and efficient Air Ticketing.
- Provision of Group Fares, Student fares & Labour fares.
- Best B28 deals for sub agencies.
- User friendly platform for online

Call Us On: +977 - 9851122873

Bagbazar 28, Kathmandu
www.esevenstar.com
info@esevenstar.com



# घरजग्गामा फसेको लगानी र बैंकिङ भविष्य

बैंकहरूको एनपीएल औसतमा ४-५ प्रतिशत पुग्नु भनेको वित्तीय प्रणालीका लागि चेतावनीको घण्टी मात्र होइन, यो शुद्धीकरणको अनिवार्य अवसर पनि हो ।

कुनै पनि मुलुकको अर्थतन्त्रको मेरुदण्ड भनेको त्यहाँको वित्तीय प्रणाली हो । वित्तीय प्रणालीभित्र पनि बैंकिङ क्षेत्रले त्यसैगरी काम गर्छ, जसरी जीवनमा मुटुले काम गर्छ । निक्षेपकर्ताको सानो-सानो बचतलाई पुंजीको रूपमा संकलन गरेर उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्ने काम यही क्षेत्रले गरिरहेको हुन्छ । नेपालको सन्दर्भमा विगत तीन दशकमा बैंकिङ क्षेत्रले अभूतपूर्व प्रगति गरेको देखिन्छ ।

तर हिजोसम्म मुलुकको अर्थतन्त्रको ढुकढुकी मानिने बैंकिङ क्षेत्र आज इतिहासकै सबैभन्दा कठिन र जटिल मोडमा छ ।

केही वर्ष अधिसम्म अत्यन्तै सफल, सुरक्षित र ग्ल्यामरस मानिने यो क्षेत्र अहिले भने इतिहासकै कठिन मोडमा उभिएको छ । बढ्दो निष्क्रिय कर्जा (एनपीएल), तरलताको असन्तुलन, सहकारी क्षेत्रको संकटको प्रभाव र नियामकको कडा नीतिका कारण बैंकिङ क्षेत्र अहिले चौतर्फी दबाबमा छ । यो संकट केवल एउटा बैंक वा वित्तीय संस्थाको चुनौती मात्रै होइन, बरु नेपाली वित्तीय प्रणालीलाई शुद्धीकरण गर्ने एउटा कठोर तथा अनिवार्य अवसर पनि हो ।

### संकटको जडः बाह्य झट्का र आन्तरिक व्यवस्थापन

नेपाली बैंकिङ क्षेत्रमा अहिले देखिएको समस्या रातारात पैदा भएको होइन । यसको पछाडि विगत एक दशकमा नेपालले भोगेका ठूला बाह्य झट्काहरूको गहिरो प्रभाव छ ।



२०७२ सालको विनाशकारी भूकम्पले भौतिक संरचना मात्र भत्काएन, ऋणीहरूको ऋण तिर्ने क्षमतामा पनि ठूलो धक्का दियो। त्यसलगत्तै भएको नाकाबन्दीले आपूर्ति शृङ्खला बिगारिदियो र उद्योग व्यवसायको लागत ह्वात्तै बढाइदियो। यी दुई संकटबाट तंग्रिन नपाउँदै विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले नेपाली अर्थतन्त्रलाई फेरि शून्यमा पुर्‍याइदियो।

महामारीको समयमा व्यवसायहरूलाई धराशायी हुनबाट जोगाउन नेपाल राष्ट्र बैंकले अपनाएको लचिलो मौद्रिक नीतिले तत्कालका लागि राहत त दियो, तर त्यसले दीर्घकालिन रूपमा भने विकृतिहरू सिर्जना गर्‍यो। कोभिडकालिन समयमा प्रवाह गरिएको सस्तो ब्याजदरको 'पुनर्कर्जा' र ऋणको 'पुनर्संरचना'ले बजारमा सस्तो पैसाको बाढी ल्याइदियो। बैंकहरूले आफ्नो व्यवसाय बढाउन जथाभावी ऋण प्रवाह गरे, जसको ठूलो हिस्सा उत्पादनमूलक क्षेत्रमा जानुको सट्टा घरजग्गा र सेयर बजार जस्ता अनुत्पादक क्षेत्रमा लगानी भयो।

> अब लालपुर्जा हेरेर होइन, व्यवसायको वास्तविक नगद प्रवाह हेरेर ऋण दिने 'प्रोजेक्ट बेस्ड' बैंकिङमा नगई सुखै छैन।

## आक्रामक बैंकिङ र अस्वस्थ प्रतिस्पर्धा

नेपालका निजी क्षेत्रका बैंकहरूबीच ब्यालेन्स सिटको आकार ठूलो बनाउने र नाफा बढाउने जुन अस्वस्थ प्रतिस्पर्धा चल्यो, त्यो नै अहिलेको संकटको एउटा मुख्य कारण हो। केही बैंकहरूले आक्रामक रूपमा शाखा विस्तार गर्ने र निक्षेप संकलन गर्ने होडमा कर्जाको गुणस्तरमा सम्झौता गरे। यसले गर्दा बैंकहरूमा जोखिम व्यवस्थापनको पक्ष कमजोर बन्यो। बैंकर्सहरू कर्जाको 'ड्यु डिलिजेन्स' गर्नुभन्दा पनि कसरी धेरै ऋण लगानी गर्ने भन्नेतर्फ लागे।

यसले बजारमा एउटा यस्तो अवस्था सिर्जना भयो, जहाँ बैंकले ग्राहक खोज्ने होइन, ग्राहकले बैंकहरूसँग 'बार्गेनिङ' गर्न थाले। एउटा बैंकबाट ऋण लिएको व्यक्तिले अर्को बैंकमा गएर सस्तो ब्याजदरमा ऋण सार्ने प्रवृत्ति बढ्यो। यो आक्रामक विस्तारले बैंकहरूको कर्जा र निक्षेपको अनुपात (सीडी रेसियो) सधैं दबाबमा रह्यो। संयमित र पुराना बैंकहरूले आफ्नो साख जोगाइराख्दा आक्रामक विस्तार गर्ने बैंकहरू अहिले निष्क्रिय कर्जाको भारले थिचिएका छन्।

## एभरग्रिनिङको धराप र निष्क्रिय कर्जाको वास्तविक रूप

बैंकिङ क्षेत्रमा 'एभरग्रिनिङ' एउटा घातक रोगको रूपमा विकसित भयो। ऋणीले पुरानो ऋणको ब्याज वा किस्ता तिर्न नसक्दा बैंकहरूले नै नयाँ शीर्षकमा ऋण दिएर पुरानो ऋणलाई 'असल' देखाउने काम गरे। यसले गर्दा कागजमा बैंकको निष्क्रिय कर्जा कम र नाफा धेरै देखियो,



**नारायण राज अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत, सिटिजन्स बैंक

> नेपालमा कृषि कर्जाको अनिवार्य सीमा तोकिए पनि त्यसको प्रतिफल वास्तविक उत्पादनमा देखिन सकेको छैन। कृषिको नाममा लिइएको ऋणको ठूलो हिस्सा सहरका आसपासका जग्गा प्लटिङ गर्न र घरजग्गाको कारोबार गर्न प्रयोग भएको छ।

तर वास्तवमा बैंकको पैसा बजारमा फसेको थियो।

अहिले नेपाल राष्ट्र बैंकले 'चालू पुँजी कर्जा मार्गदर्शन'मार्फत कडाइ गरेर 'एभरग्रिनिङ'को बाटो थुनिदिएपछि वास्तविक निष्क्रिय कर्जा बाहिर आउन थालेको छ। बैंकहरूको एनपीएल औसतमा ४-५ प्रतिशत पुग्नु भनेको वित्तीय प्रणालीका लागि चेतावनीको घण्टी हो। जबसम्म बजारमा नगद प्रवाह सहज हुँदैन, तबसम्म यो निष्क्रिय कर्जाको समस्या समाधान हुने देखिँदैन।

## कृषि र उत्पादनमूलक कर्जाको दुरूपयोग

# पुरानो ऋण तिर्न नयाँ ऋण दिने `एभरग्रिनिङ´को अभ्यासले कागजमा बैंकलाई नाफा देखायो, तर यथार्थमा निक्षेपकर्ताको अर्बौं रुपैयाँ बजारमा फस्यो ।

नेपालमा कृषि कर्जाको अनिवार्य सीमा तोकिए पनि त्यसको प्रतिफल वास्तविक उत्पादनमा देखिन सकेको छैन । कृषिको नाममा लिइएको ऋणको ठूलो हिस्सा सहरका आसपासका जग्गा प्लटिङ गर्न र घरजग्गाको कारोबार गर्न प्रयोग भएको छ । व्यवसायीहरूले सुरुमा कृषि फर्मको नाममा सस्तो ब्याजदरमा ऋण लिने र त्यो पैसाले जग्गा किनेर मूल्य बढेपछि बेच्ने रणनीति अपनाए ।

जब घरजग्गाको कारोबारमा मन्दी आयो, ती ऋणीहरूले न त जग्गा बेच्न सके, न त बैंकको किस्ता नै तिर्न सके । यस्तो `कोल्याट्रल बेस्ड´ (धितोमुखी) बैंकिङले गर्दा आज बैंकहरू जग्गाको मूल्य घट्दा असुरक्षित महसुस गरिरहेका छन् । नेपालको कृषि क्षेत्र अझै पनि बिचौलियाको कब्जामा छ । किसानले १० रूपैयाँ पाउँदा उपभोक्ताले १०० रूपैयाँ तिर्नुपर्ने अवस्थाले गर्दा वास्तविक उत्पादक बैंकको ऋणको पहुँचभन्दा बाहिरै रहे ।

## सहकारी संकटको डोमिनो इफेक्ट

नेपालको वित्तीय प्रणालीमा सहकारी क्षेत्रको भूमिका निकै ठूलो छ, तर यो क्षेत्र अहिले इतिहासकै खराब संकटबाट गुज्रिरहेको छ । सहकारीहरूले बिना धितो र बिना योजना घरजग्गामा गरेको लगानी डुबेपछि बचतकर्ताको पैसा फिर्ता गर्न सकेनन् । सहकारीमा संकट आउने बित्तिकै त्यसको प्रत्यक्ष असर बैंकहरूमा पर्‍यो । धेरै साना र मध्यम स्तरका ऋणीहरू सहकारीबाट पैसा चलाएर बैंकको किस्ता तिर्ने गर्थे । सहकारीबाट पैसा आउन छाडेपछि उनीहरू `डिफल्टर´ बने । यसरी सहकारीको संकटले समग्र बैंकिङ प्रणालीको असुली चक्रलाई नै बिगारिदिएको छ ।

## नियामकको भूमिका र नीतिगत चुनौती

नेपाल राष्ट्र बैंकले समय-समयमा ल्याएका नीतिहरूले बैंकिङ क्षेत्रलाई अनुशासित बनाउन खोजे पनि कतिपय नीतिहरूले बजारलाई संकुचित बनाएको आरोप पनि लाग्ने गरेको छ । तर, कोभिडपछिको समयमा राष्ट्र बैंकले चालेका कतिपय कदमहरू ढिलो भए पनि सही दिशामा छन् । `चालू पुँजी कर्जा मार्गदर्शन´ले बैंकहरूलाई अनुशासनमा ल्याउन खोजेको छ ।

यद्यपि, मुलुकको कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वमा वित्तीय अनुशासनको अभाव देखिन्छ । कतिपय स्थानीय निकाय र राजनीतिक संरक्षणमा रहेका व्यक्तिहरूले बैंकको ऋण नतिर्ने आन्दोलनलाई समेत प्रश्रय दिए, जसले गर्दा बैंकिङ क्षेत्रको साखमा धक्का पुग्यो । बैंकको पैसा भनेको बैंकको मालिकको मात्र होइन, यो लाखौं निक्षेपकर्ताको पसिनाको कमाइ हो भन्ने कुरा बुझाउन राज्य संयन्त्र चुकेको देखिन्छ ।

## अगाडिको बाटो र सुधारका सम्भावना

नेपालको बैंकिङ क्षेत्रलाई अहिलेको संकटबाट बाहिर निकाल्न जादुई छडी जस्तो कुनै तत्काल उपाय छैन । यो समस्या पूर्णरूपमा सल्टिन कम्तीमा ४ देखि ५ वर्ष लाग्नेछ । यसका लागि केही आधारभूत परिवर्तनहरू आवश्यक छन्ः

१. नगद प्रवाहमा आधारित बैंकिङः अब बैंकहरूले धितोको रूपमा रहेको जग्गाको मूल्य मात्र हेरेर ऋण दिने प्रवृत्ति त्याग्नुपर्छ । व्यवसायको वास्तविक नगद प्रवाह र त्यसको सम्भाव्यता हेरेर मात्र ऋण प्रवाह गर्नुपर्छ ।

२. कर्जा विविधीकरणः बैंकहरूले आफ्नो लगानीलाई घरजग्गा र सेयर बजारमा मात्र केन्द्रित नगरी वास्तविक उत्पादनमूलक उद्योग, पर्यटन र जलविद्युत् जस्ता क्षेत्रमा फैलाउनुपर्छ ।

३. प्रविधिको प्रयोग र डिजिटल बैंकिङः बैंकिङ लागत घटाउन र पारदर्शिता बढाउन डिजिटल बैंकिङमा जोड दिनुपर्छ । यसले साना ऋणीहरूको कर्जा इतिहास ट्र्याक गर्न र बिना धितो ऋण दिन पनि सहज बनाउँछ ।

४. सख्त नियमन र सुपरीवेक्षणः राष्ट्र बैंकले बैंकहरूको आन्तरिक सुशासन र जोखिम व्यवस्थापनमा कडा निगरानी राख्नुपर्छ । `एभरग्रिनिङ´ गर्ने बैंकहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

५. सहकारी क्षेत्रको पुनरुत्थानः सहकारी क्षेत्रको समस्या समाधान नगरी बैंकिङ क्षेत्र पूर्ण रूपमा सुरक्षित हुन सक्दैन । त्यसैले राज्यले सहकारीका बचतकर्ताको पैसा फिर्ता गराउने र दोषीलाई कारबाही गर्ने कामलाई तीव्रता दिनुपर्छ ।

नेपालको बैंकिङ क्षेत्र अहिले एउटा शुद्धीकरणको प्रक्रियाबाट गुज्रिरहेको छ । विगतका गल्तीहरू बाहिर आउनु र तिनलाई सुधार्ने प्रयास हुनु अर्थतन्त्रका लागि दीर्घकालिन रूपमा राम्रो कुरा हो । बैंकहरूले अब नाफा मात्र हेर्ने होइन, दिगो बैंकिङ र सामाजिक उत्तरदायित्वलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ । ऋणीहरूले पनि बैंकबाट लिएको पैसा तिर्नुपर्छ भन्ने नैतिकता बिर्सनु हुँदैन ।

राज्य, नियामक, बैंक र ऋणी– यी चारै पक्षले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरे मात्र नेपालको वित्तीय क्षेत्र पुनः बलियो बन्न सक्छ । अहिलेको संकटले हामीलाई एउटा ठूलो पाठ सिकाएको छ- सस्तो पैसा र कृत्रिम वृद्धिको उडान सधैं जोखिमपूर्ण हुन्छ । अबको बैंकिङ वास्तविक उत्पादन र पारदर्शी कारोबारमा आधारित हुनुपर्छ, जसले मुलुकको समृद्धिमा ठोस योगदान दिन सकोस् ।




"Reverence for your time, Great Place to unwind"
Opening Soon
AARUNYA
NATURE RESORT
By Atmosphere, Maldives
Web: www.aarunyanatureresort.com
Email: info@aarunyanatureresort.com
Resort Location:
Basdole , Banepa-12
Head Office:
Lazimpat, Kathmandu
Te: 4534003/6
"Get ready Experience the ultimate retreat surrounded by nature's splendor"

# समृद्धिको नयाँ ब्लुप्रिन्ट

## सीमारहित अर्थतन्त्रदेखि तौलरहित व्यापारसम्मः बलियो सरकारले कोरेको आर्थिक रुपान्तरणकारी मार्गचित्र



मुलुक लामो समय राजनीतिक र आर्थिक अस्थिरतको चक्रव्यूहमा फस्यो । दशकौँदेखिको नीतिगत अन्योल र सुस्त विकासको जडतालाई चिर्दै यतिवेला नयाँ शक्ति सिंहदरबार छिरेको छ । झण्डै दुईतिहाइको बलियो जनमतसहितको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको एकल सरकारले समृद्धिको नयाँ ब्लुप्रिन्ट अघि सारेको छ ।

४० प्रतिशतको विशाल अनौपचारिक अर्थतन्त्रलाई मूलधारमा ल्याउने र मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने साहसिक अठोट सरकारले गरेको छ । तर सिंहदरबारको कोठामा कोरिएको यो चित्रले किसानको बैंक खाता र युवाको सिप पासपोर्टसम्म पुग्ने ल्याकत राख्ला ? नीति र बजेटबीचको पुरानो खाडल पुर्दै आर्थिक सुधारको नयाँ श्रृङ्खला सुरु होला ? साँच्चै मुलुकको मार्ग बदल्ने प्रस्थानविन्दु बन्ला ? चर्चा गरौं ।

दुईतिहाइ बहुमत नजिक रहेको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारले नयाँ चरणको आर्थिक सुधार श्रृङ्खलाको घोषणा गरेको छ । यसअन्तर्गत सरकारले बृहत् कानुनी र संस्थागत सुधारको थालनी गर्ने भनेको छ ।

निर्वाचनपछि प्रतिनिधि सभामा स्पष्ट बहुमत प्राप्त एउटै राजनीतिक दलको नेतृत्वमा सरकार गठन हुनु मुलुकका लागि राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र रूपान्तरणकारी सुधारको ऐतिहासिक अवसर पनि हो । सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशिलाका रूपमा ग्रहण गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानका रूपमा अघि बढाउने नीति लिएको छ । सरकारले अघि सारेका शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्दै निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य सरकारले लिएको छ । यस्तै आगामी दशक औसत वास्तविक आर्थिक वृद्धि दर सात प्रतिशत पुग्ने गरी नयाँ चरणको आर्थिक सुधार श्रृङ्खला सुरु भएको घोषणा गरिएको छ । 'सीमारहित अर्थतन्त्र' र 'तौलरहित व्यापार' लाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत्, पर्यटन र उच्च मूल्यका कृषि तथा हरित औद्योगिकीकरणलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गरिने भनिएको छ । यसअन्तर्गत कानुनी र संस्थागत सुधार गरेर उत्पादन लागत घटाउने, व्यवसाय गर्ने वातावरण सरल बनाउने, नीतिगत तथा कानुनी अवरोध हटाउने र स्वदेशी, विदेशी तथा प्रवासी लगानी आकर्षित गर्न आर्थिक उत्प्रेरणाको आधारभूत पुनर्संरचना गर्नेगरी कार्यक्रम ल्याउने बाचा सरकारले गरेको छ ।

### अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउने

सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिकीकरण गर्ने नीति सरकारको छ । हाल ४० प्रतिशत अर्थतन्त्र अनौपचारिक रहेको सरकारी तथ्यांक छ । वैदेशिक रोजगारीलाई रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्न आर्थिक वर्ष २०८३/८४ देखि २०९२/९३ सम्म रोजगार प्रवर्द्धन दशक सञ्चालनको तयारी छ ।






## करको दर पुनरावलोकन हुने

करका संरचनाको पुनरावलोकन गर्दै उद्यमी तथा मध्यम वर्गीय परिवार माथिको बोझ घटाउने भनिएको छ । करको दर न्यूनतम एक देखि ३९ प्रतिशतसम्म छ । यस्तै संस्थागत करको दर न्यूनतम २० देखि ३० प्रतिशतसम्म छ । यसलाई घटाउने योजना सरकारको छ ।

स्वेच्छिक कर अनुपालन, प्रविधिमैत्री राजस्व प्रशासन र शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । विभिन्न देशसँग दोहोरो कर मुक्ति सम्झौता विस्तारका लागि योजना बनाइएको छ । प्रदूषण, पूर्वाधार र अन्य छरिएका शुल्कलाई क्रमशः एकीकृत हरित कर प्रणालीमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिने, भन्सार नाकामा न्यून बिजकीकरण नियन्त्रणका साथै मूल्य अभिवृद्धि लगायत सबै करको फिर्ता गर्ने प्रणाली स्वचालित र समयबद्ध बनाइने योजना छ ।

नीति तथा कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरीवेक्षण र अभियोजन प्रणाली लागु गर्ने योजना सरकारको छ ।

सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षमता सुदृढ गरी समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको रकम फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गरी कर्जा असुलीमार्फत बचतकर्ताको रकम फिर्ताका साथै अत्यधिक मिटर ब्याज र आर्थिक अपराध नियन्त्रण गर्ने लक्ष्य सरकारले लिएको छ । सार्वजनिक खर्चलाई परिणाममुखी बनाउँदै सार्वजनिक संस्थान सुधार, खर्च कटौती र चुस्त सेवा प्रवाहलाई प्राथमिकता दिइने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

## सार्वजनिक संस्थानको वर्गीकरण

नयाँ सरकारले सार्वजनिक संस्थानको वर्गीकरण गरी गाभ्ने, निजी क्षेत्रसँग सहकार्य गर्ने, रणनीतिक साझेदार भित्र्याउने वा विनिवेश गर्ने स्पष्ट नीति लागू गर्ने भनिएको छ ।

श्रम निर्यातमा निर्भर अर्थतन्त्रलाई ज्ञान, सेवा, डिजिटल व्यापार, रिमोट वर्क र मूल्य अभिवृद्धि हुने सेवामुखी अर्थतन्त्रमा रूपान्तरण गरिने उल्लेख छ । अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाउने तयारी पनि छ ।

निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि, बजार विविधीकरण, एकीकृत व्यापार रणनीति र औद्योगिक लजिष्टिक गुरुयोजना कार्यान्वयन गरिने उल्लेख छ ।

सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गर्ने भनेको छ । सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेशन निर्यातलाई पवर्द्धन गर्ने नीति सरकारले लिएको छ ।

डिजिटल पार्क, उच्च क्षमताका डेटा सेन्टर र सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबका रूपमा अघि बढाइने उल्लेख छ । सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सह-लगानी सहित अनुसन्धान तथा नवप्रवर्तन खर्चमा कर प्रोत्साहन उपलब्ध गराइने प्रतिबद्धता सरकारको छ ।

## लगानी एक्सप्रेस नीति

सरकारले स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न नीतिगत व्यवस्था गर्ने भनेको छ । जसअनुसार व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म ३० दिनभित्र सम्पन्न गर्ने लगानी एक्सप्रेस नीति लागु गरिने व्यवस्था सरकारले गर्न लागेको छ । विदेशी लगानी सम्बन्धी कानुन संशोधन गरी स्वचालित मार्ग विस्तारका साथै सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई नेपाल लगानी भिसा उपलब्ध गराइने भनेको छ ।

विशेष आर्थिक क्षेत्रहरूको विस्तार तथा साझा पूर्वाधारसहित औद्योगिक ग्राम स्थापनाका साथै ग्रिन गार्मेन्ट भिलेज, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्रलगायत उत्पादनमूलक तथा नवप्रवर्तनमा आधारित औद्योगिक क्षेत्रहरूको विकास गर्दै त्यस्ता क्षेत्रलाई औद्योगिक पर्यटनसँग आबद्ध गर्ने, स्टार्टअप नेपाल पोर्टलमार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट, बिउ पुँजीलगायतका सेवा प्रदान गर्ने नीति सरकारले लिएको छ ।

नीति तथा कार्यक्रमले ग्रामीण अर्थतन्त्रका पुनर्जीवन र कृषिलाई सम्मानजनक र उद्यमशील पेसाको रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्द्धन गर्ने भनेको छ । उत्पादन वृद्धि, लागत न्यूनीकरण, आयात प्रतिस्थापन र खाद्यान्न आत्मनिर्भरताका लागि नीतिगत सुधार गरी प्याकेजमा आधारित उत्पादन प्रणाली, यान्त्रिकीकरण, डिजिटल प्रविधि तथा एग्रिटेकमार्फत कृषि आधुनिकिकरणलाई तीव्रता दिइने उल्लेख छ ।

नीति तथा कार्यक्ममा भनिएको छ, 'विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरी कृषि उत्पादनलाई उद्योग, प्रशोधन र बजारसँग जोड्दै वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिनेछ ।'

## बाली लगाउनुअघि समर्थन मूल्य

ग्रामीण अर्थतन्त्रको पुनर्जीवनका लागि सरकारले कृषिलाई उद्यमशील पेसा बनाउने योजना बुनेको छ । जसअनुसार बाली लगाउनुअघि नै प्रमुख




कृषि बालीको न्यूनतम समर्थन मूल्य तोकिनेछ । किसानले पाउने भुक्तानी सिधै उनीहरूको खातामा पुग्ने डिजिटल व्यवस्था मिलाइनेछ । वैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषिमा आकर्षित गर्न विशिष्टीकृत उत्पादन क्षेत्र र आधुनिक एग्रिटेकलाई प्रयोगमा जोड दिइएको छ ।

सार्वजनिक निजी साझेदारीमा कृषि कम्पनी र सञ्जाल स्थापना गरी उत्पादनपछिको क्षति न्यूनीकरण र आपूर्ति श्रृङखलालाई सुदृढ गर्नुका साथै गुणस्तर मापदण्ड र प्रमाणीकरणसहित विशिष्ट पहिचान गरिएका उत्पादनलाई भण्डारण, ब्रान्डिङ र बजारीकरण मार्फत निर्यात प्रवर्द्धन गरिने नीति तथा कार्यक्रममा व्यवस्था गरिएको छ । पर्यटन प्रवर्द्धनका लागि ब्राण्ड नेपाल अभियान सञ्चालन हुने भएको छ ।

## विद्युत प्रसारण र वितरणमा निजी क्षेत्रको सहभागिता

सरकारले विद्युत उत्पादनमा मात्र निजी क्षेत्रलाई इजाजत (लाइसेन्स) दिँदै आएको थियो । आगामी दिनमा प्रसारण, वितरण र व्यापारमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरेर जाने सरकारले बताएको छ ।

ऊर्जामा आधारित उद्योग प्रवर्द्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गर्ने योजना सरकारको छ । अन्तर देशीय ऊर्जा व्यापार सम्झौताहरूलाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाएको छ । सरकारले एक दशकमा ३० हजार मेगावाट बिजुली उत्पादनको महत्वकांक्षी लक्ष्य लिएको छ ।

## हवाई पूर्वाधार विस्तार

अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भर पर्दो प्रतिस्पर्धी हवाई सेवा विकास गरिने भएको छ । यसका लागि सरकारले नागरिक उड्डयन क्षेत्रमा संरचनात्मक सुधार, निजी क्षेत्रको सहभागिता विस्तार र अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड कार्यान्वयन गर्ने भएको छ । पर्यटक भिसा सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिनेछ । अन्तर्राष्ट्रिय विमानस्थलमा इ–गेट प्रणाली जडान गरी यात्रुको प्रतीक्षा समय घटाइनेछ । गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षण गर्न कूटनीतिक पहल गरिनेछ ।

## अध्यागमन बिन्दुबाटै पर्यटकीय अनुमति

सेवाहरूलाई एकीकृत गर्ने एकद्वार डिजिटल पर्यटन प्रणाली लागू, पर्वतीय पर्यटनको सुरक्षा, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्ने रणनीति सरकारको छ । भिजिट नेपाल २०८५ को पूर्व तयारीका लागि पर्यटक आगमन, प्रति पर्यटक खर्च र बसाई बढाउने योजना रहेको छ ।

## राष्ट्रिय अप्रेन्टिससिप कार्यक्रम

सरकारले ल्याउन लागेको नयाँ कार्यक्रम भनेको राष्ट्रिय अप्रेन्टिरसिप कार्यक्रम हो । नयाँ राष्ट्रिय रोजगारी नीति तर्जुमा गरी सिप, शिक्षा, श्रम बजार सूचना, सामाजिक सुरक्षा र रोजगार सेवा प्रणालीलाई एकीकृत गरिनेछ । 'कमाउँदै सिक्दै' अवधारणामा आधारित राष्ट्रिय अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गर्ने भनिएको छ । सरकारका अनुसार नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने रिमोट वर्क नीति को कानुनी व्यवस्था गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल 'सिप पासपोर्ट' मार्फत अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

विदेशस्थित नियोगमार्फत नेपाली वस्तु, सेवा, संस्कृति र पर्यटनको विश्वव्यापी प्रवर्द्धन गर्दै ब्रान्ड नेपाल अभियान सञ्चालन गर्ने तयारी सरकारको छ ।

अघिल्ला सरकारहरुले ल्याएका नीति तथा कार्यक्रम नराम्रा भने थिएनन् । तर, कार्यान्वयन पक्ष भने फितलो देखिदै आएको छ । नीति तथा कार्यक्रम एकातिर बजेट अर्कोतिर हुने गरेको छ । नीति कार्यक्रममा केही नयाँ कुरा आए पनि अधिकांश गर्ने र सम्पन्न हुने कुरा मात्र देखिएका छन् । नीति तथा कार्यक्रम राम्रो भए पनि यसको कार्यान्वयन हुन सकेन भने अर्थ रहँदैन ।

त्यसैले प्रस्तुत नीति तथा कार्यक्रमसँग तादम्यता हुने गरी मात्र बजेट ल्याइएमा यसको अर्थ रहने छ । बजेटमा मात्र उल्लेख गरेर हुँदैन, प्रभावकारी कार्यान्वयन पनि हुनुपर्छ ।

# LAMEECHA

## Inspiring Life

Every cup. A moment of inspiration.
Brewed for those who live,
love and dream.




Perfect Extraction | One Touch Brewing | Sustainable Choice

Introducing Lameecha capsule coffee machines in Nepal, a trusted name in premium coffee machinery. Experience sleek design, high-performance brewing and a premium espresso experience at home and in the office with Lameecha coffee machines.

Now available at all MountainMug Coffee outlets across Nepal.




**SIPRADI TRADING PVT. LTD.**
THAPATHALI - 01 5350643, 9801013469
RADHE RADHE - 01 5914771,  9802345443

Scan for Test Drive

SIPRADI

# नेपालमा वैदेशिक लगानीः नीति सुधिए पनि किन बढेन लगानीकर्ताको विश्वास ?



नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई)का लागि सम्भावनाका नयाँ ढोकाहरू खुल्दै छन् । ती भनेका ऊर्जा, पर्यटन, कृषि, पूर्वाधार, तथा सूचना प्रविधिजस्ता विविध क्षेत्रहरूका आकर्षक परियोजनाहरू हुन् ।

किनभने अन्तर्राष्ट्रिय लगानीकर्तालाई दीर्घकालिन प्रतिफल र नेपालसँग वैदेशिक लगानीका साझेदारीमा दिगो आर्थिक प्रतिफल हासिल गर्ने अवसर यिनै परियोजनाले गर्छन् । राजनीतिक स्थिरता, नीतिगत सुधारको पहल तथा क्षेत्रीय र विश्वव्यापी बजारसँगको पहुँचको कारण नेपाललाई आगामी वर्षहरूमा वैदेशिक लगानीको आकर्षक गन्तव्यको रूपमा उभ्याउने स्पष्ट संकेत मिलेको छ ।

नेपालमा वैदेशिक लगानीलाई सहज, पारदर्शी र द्रुत बनाउन लगानी बोर्ड नेपाल (आईबीएन) र उद्योग विभाग (डीओआई)ले अग्रणी भूमिका निर्वाह गरिरहेका छन् । आईबीएनले ६ अर्ब रूपैयाँभन्दा माथिका तथा २०० मेगावाटभन्दा माथिका जलविद्युत् तथा अन्य ऊर्जा परियोजनाहरूको कार्यान्वयनमा सहजीकरण, सार्वजनिक-निजी साझेदारी (पीपीपी) विधिद्वारा परियोजनाको विकास तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गरी अन्तर्राष्ट्रिय लगानीकर्तासँगको प्रत्यक्ष समन्वयमा विशेष दक्षता देखाएको छ ।

यसैगरी, डीओआईले ६ अर्ब रूपैयाँभन्दा कमका तथा २०० मेगावाटभन्दा साना परियोजनाहरूको लगानीसँग सम्बन्धित विषयमा प्रभावकारी सहजीकरण गर्न एकल विन्दु सेवा कार्यान्वयनमा ल्याएको छ । दुवै संस्थाहरूको स्पष्ट कार्यविभाजन र संयुक्त प्रयासले नेपालमा वैदेशिक लगानी प्रवाहलाई तीव्र बनाउन र लगानीकर्तालाई व्यापार वा परियोजनाहरूको जीवनचक्रमा निरन्तर आवश्यक सहजीकरण गर्न संस्थागत आधार तयार भएको छ ।

## पृष्ठभूमि

कोभिड-१९ को महामारी, त्यसपछि देखा परेको आर्थिक मन्दीले विश्वव्यापी रूपमै वैदेशिक

## नेपालको आर्थिक कूटनीति अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन । राजनीतिक अस्थिरता र कर प्रशासनका कारण लगानीकर्ताको विश्वास कमजोर हुँदा निजी क्षेत्रको प्रभाव कमजोर देखिएको छ ।

लगानी घटिरहेको थियो । त्यसको असर नेपालमा समेत नपरेको होइन । सँगसँगै विश्वव्यापी रूपमा यो अवस्था सुधार हुँदै गयो । तर नेपालमा भने उल्लेख्य रूपमा बढ्न सकेन । सन् २०२१/२२ मा नेपालमा कायम रहेको प्रत्यक्ष वैदेशिक लगानी २ खर्ब ६४ अर्ब रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । जसमध्ये ६२ प्रतिशत औद्योगिक क्षेत्रमा गएको थियो ।

त्यसो त नेपालमा एफडीआईलाई आकर्षित तथा व्यवस्थित गर्न सरकारले विभिन्न नीतिगतसँगै कानुनी तथा प्रक्रियागत सुधार गर्दै आएको छ । पछिल्लो समय त झन् सरकारले प्रत्यक्ष वैदेशिक लगानी नीति २०७१, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक व्यवसाय ऐन २०७६, नेपाल राष्ट्र बैंकको वैदेशिक लगानी तथा वैदेशिक ऋण व्यवस्थापन कार्यविधि २०७८, एकल विन्दु सेवा केन्द्रजस्ता कानुनी तथा नीतिगत पूर्वाधारहरूबाट एफडीआईलाई सहजीकरण गर्दै आएको छ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन संशोधन गरेर ५० करोड रूपैयाँसम्मको वैदेशिक लगानी स्वचालित रूपमा स्वीकृत गर्ने व्यवस्था गरिएको छ । यसैगरी सूचना प्रविधि क्षेत्रमा लगानीको लागि वैदेशिक लगानीमा तोकिएको २ करोडको सीमा हटाउँदा साना तथा मझौला उद्योगहरूमा पनि लगानी भित्रिने वातावरण बनेको छ ।

नेपालमा ठूला र दीर्घकालिन लगानी रूपमा वैदेशिक लगानी भित्राउन र सहजीकरण गर्न लगानी बोर्ड महत्त्वपूर्ण नीतिगत तथा संस्थागत संयन्त्रका रूपमा स्थापित भएको छ । यसले जलविद्युत्, यातायात, कृषि, पर्यटन, सूचना-प्रविधि, खानी, स्वास्थ्य, शिक्षा, निर्माण तथा वित्तीय सेवाजस्ता प्राथमिक क्षेत्रलाई आफ्नो मुख्य लगानी क्षेत्रको रूपमा लिएको छ ।

लगानी प्रवर्द्धनका लागि बोर्डले परियोजना बैंकको स्थापना गरी लगानीका लागि तयार भएका आयोजनाहरूको सूची तयार पारेको छ । ती परियोजनाहरूको पूर्वसम्भाव्यता अध्ययन, जोखिम मूल्यांकन र वित्तीय लागत मूल्यांकन भएका छन् ।

व्यावसायिक योजनासहितको रणनीतिक यो जनाअन्तर्गत बोर्डले आफ्नो संस्थागत क्षमता बढाउने, प्रक्रिया सरल पार्ने र राष्ट्रिय लगानी प्राथमिकतासँग तालमेल मिलाउने बहुवर्षीय योजना अघि सारेको छ । पूर्वसम्भाव्यता अध्ययनमार्फत लगानीकर्तालाई परियोजनासम्बन्धी तथ्यांक, जोखिम-प्रतिफल प्रोफाइल उपलब्ध गराइन्छ । यसले नै उनीहरूको ड्यु डिलिजेन्स मूल्यांकन (सम्पत्ति र दायित्व मूल्यांकन)मा लागत पनि कम गराएको छ । यसबाट आयोजनाको सम्भाव्यताको साथै लगानीकर्ताहरूमा विश्वास बढाएको छ ।

बोर्डले विभिन्न समयमा अन्तर्राष्ट्रिय लगानी सम्मेलन आयोजना गरेर नेपालको लगानीका सम्भावना प्रस्तुत गरेको छ । सन् २०१७ मा भएको पहिलो सम्मेलनबाट विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन सुधार गर्नुका साथै जलविद्युत्, यातायात र पर्यटन क्षेत्रमा लगानी प्रतिबद्धता सुनिश्चितता गरेको छ ।

यस्तै सन् २०१९ सम्पन्न भएको दोस्रो सम्मेलनमा बहुपक्षीय बैंक र निजी लगानीकर्ताको सहभागिता विस्तार भएको थियो । यस्तै बोर्डको भूमिकामा सुदृढीकरण भएको छ । सन् २०२४ मा भएको सम्मेलनबाट सुदूरपश्चिम र अन्य प्रदेशलाई लगानी गन्तव्यका रूपमा स्थापित गर्दै परिष्कृत सार्वजनिक निजी साझेदारीका परियोजनाहरूको पाइपलाइन र डिजिटल सुधार, स्वतः मार्ग, एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्नेजस्ता उपलब्धिहरू हासिल भएका छन् ।

लगानी सम्मेलनबाट ठूला परियोजनाहरूको परियोजना विकास सम्झौताजस्ता कार्यहरू सम्पन गर्न सहजीकरण भएको छ । जलविद्युत् क्षेत्रमा अरुण-३ (९०० मेगावाट), तल्लो अरुण (६६९ मेगावाट), अपर मर्स्याङ्दी (३२७ मेगावाट), पश्चिम सेती (७५० मेगावाट) तथा सेती नदी-६ (४५० मेगावाट), अपर त्रिशूली-१ (२१६ मेगावाट) जस्ता महत्वपूर्ण परियोजनाहरू विकासक्रमको विभिन्न चरणमा छन् । यातायात र पर्यटन क्षेत्रका परियोजनामा निजी क्षेत्रलाई समेत समेट्दै छिटो स्वीकृति प्रक्रिया अघि सारिएको छ । सरकारलाई सम्झौता संरचना, ट्यारिफ नीति र भायबिलिटी ग्याप फन्डिङसम्बन्धी कानुनी तथा जोखिम परामर्श प्रदान गरिएको छ ।


सुशील भट्ट

**विदेशस्थित नेपाली दूतावासहरू केवल कूटनीतिक अड्डा मात्र बनेका छन्, नेपाललाई लगानी गन्तव्यका रूपमा चिनाउने `आर्थिक कूटनीति´ मा उनीहरूको भूमिका शून्यप्रायः छ ।**

नेपाललाई भरपर्दो लगानीको गन्तव्य रूपमा स्थापित गरिएको छ । सबै सम्मेलनमा लगानीको प्रचुर सम्भावना भएका देशहरूको तथ्यांकमा आधारित श्रेणीगत प्रोफाइल साथै अध्ययन तथा विकासको विभिन्न चरणमा भएका परियोजनाहरू सोकेसिङ गरिरहेका थियौं । सबै लगानीका लागि स्वीकृति प्रक्रिया छिटो र पारदर्शी बनाउन बोर्डअन्तर्गत एकद्वार सेवा केन्द्र स्थापना गरिएको छ । यसमा नेपाल राष्ट्र बैंक, उद्योग विभाग, आन्तरिक राजस्व विभाग, भन्सार र अन्य प्रमुख निकायले वास्तविक समयको आधारमा आवश्यक सहजीकरण गर्न सक्नेछन् । यसमा अनलाइन आवेदन ट्र्याकिङ, जग्गा प्राप्ति, विदेशी विनिमय स्वीकृति, श्रम अनुमति र कर दर्ता प्रक्रियामा सहजता हुनेछ । यसबाट प्रशासनिक अवरोध घटी, पारदर्शिता बढी र लगानीकर्ताको लागत कम गर्नेछ ।

लगानी सम्मेलनमार्फत सरकारले लगानी परिचालन सुधार गर्न नीतिगत कानुनी तथा प्रक्रियागत लगानीसँग सम्बन्धित प्रक्रिया र समयसीमा छोट्याउने, पीपीपी प्रणालीलाई मजबुत बनाउने, पारदर्शी प्रक्रिया, विश्वसनीय तथ्यांक र कानुनी स्पष्टतामार्फत लगानीकर्ताको विश्वास बढाउनेजस्ता सकारात्मक सन्देश प्रवाह गर्न सहज भएको छ ।

## वर्तमान अवस्था

नेपालमा एफडीआईलाई प्रोत्साहित गर्न औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानहरू नै आधारस्तम्भ हुन् । राष्ट्र बैंकको तथ्यांकअनुसार कुल लगानीमा रहेको वैदेशिक लगानीमध्ये करिब ६२.६ प्रतिशत औद्योगिक क्षेत्रमा केन्द्रित छ । यसमा जलविद्युत् एक्लैले ३२.८ प्रतिशत योगदान गर्छ भने उत्पादन उद्योगको हिस्सा २०-२५ प्रतिशत, खानी तथा प्रशोधन करिब ५ प्रतिशत र कृषि-उद्योगको हिस्सा २-३ प्रतिशत मात्र छ ।




औद्योगिक क्षेत्रमा वर्चस्वको प्रमुख कारण यस्ता परियोजनामा ठूलो पुँजी आवश्यक पर्ने, जलविद्युत् क्षेत्रमा दीर्घकालिन पावर खरिद सम्झौता र परियोजना विकास सम्झौताको उपलब्धता र कानुनी तथा नीतिगत स्पष्टता तुलनात्मक रूपमा अरु क्षेत्रभन्दा राम्रो हुनु नै हो । यस क्षेत्रले पूर्वाधार विकास, रोजगारी सिर्जना र वैदेशिक लगानी भित्राउने काममा अग्रणी भूमिका खेलेको छ । तर यसमा पनि नगण्य मात्रामा मात्र वैदेशिक लगानी भित्रिएको परिप्रेक्ष्यमा यसलाई तीव्रता दिन बजारको सुनिश्चितता, सरकारबाट प्रदान गरिनुपर्ने सुविधा र सहजीकरणका साथै वन-जग्गा प्राप्ति र व्यावसायिक वातावरणलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता छ ।

जलविद्युत् क्षेत्रमा मात्र कुल वैदेशिक लगानीको ३२.८ प्रतिशत लगानी भएको छ । ठूला र मध्यमस्तरका जलविद्युत् परियोजनाहरूमा विदेशी लगानीकर्ता आकर्षित भई परियोजना विकासका कार्य अगाडि बढेका छन् । यसमा मुख्यतया भारतीय लगानीकर्ता कम्पनीहरू सक्रिय छन् भने केही चिनियाँ, कोरियाली तथा स्वदेशी लगानीकर्ताको पनि सहभागिता छ ।

यसैगरी नेपालको उत्पादन उद्योग क्षेत्रमा सिमेन्ट, डण्डीलगायतका निर्माण सामग्री, खाद्य प्रशोधन, औषधि र हल्का उद्योगहरू पर्छन् । यस क्षेत्रमा अधिकांश लगानी स्वदेशी छ भने भारत, चीन र बंगलादेशबाट केही विदेशी लगानी पनि आएको छ । तर, आधारभूत पूर्वाधारको सीमितता, उच्च ढुवानी लागत र विद्युत् आपूर्ति अस्थिरताजस्ता समस्या यी उद्योगहरूले भोगिरहेका छन् ।

यस्तै लाइसेन्स प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति, आवश्यक जनशक्तिको अभाव, निर्यात प्रतिस्पर्धाको कमी, उच्च उत्पादन लागत र सानो आन्तरिक बजारजस्ता समस्याहरू पनि छन् ।

## गर्नुपर्ने कुरा

औद्योगिक क्षेत्रमा देखिएका यी चुनौतीहरूको समाधानदेखि जलविद्युत् र उत्पादन उद्योगको मूल्य

## वैदेशिक लगानीको प्रतिबद्धता, स्वीकृति र कार्यान्वयनको वास्तविक अवस्था ट्र्याक गर्ने आधिकारिक ड्यासबोर्ड नहुँदा धेरै परियोजनाहरू प्रशासनिक फाइलमै हराउने गरेका छन् ।

शृङ्खला विस्तार र नीतिगत स्थिरताका लागि काम गर्नुपर्ने अबको आवश्यकता हो । यसो गर्दा नेपालको वैदेशिक लगानीलाई दिगो रूपमा विस्तार गर्न सकिन्छ । यसले नेपालले आफ्नो वैदेशिक लगानी परिदृश्यलाई क्षेत्रीय प्रतिस्पर्धी स्तरमा लैजान सक्छ ।

नेपालमा वैदेशिक प्रत्यक्ष लगानी प्रवाहमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण छ । उत्पादन, सेवा र रोजगारी सिर्जनामा उनीहरूको योगदानले दीर्घकालिन लगानीको आधार बलियो बनाएको छ । तर, आर्थिक कूटनीतिक कमजोरीका कारण यी पहलहरू अपेक्षित परिणाममा परिणत हुन सकेका छैनन् । डाबर नेपाल, युनिलिभर नेपाल, स्ट्यान्डर्ड चार्टर्ड बैंक, एनसेलजस्ता कम्पनीहरूले उत्पादन, सेवा र रोजगारीमा ठूलो योगदान गरेका छन् । यी कम्पनीहरूले नेपालमा दिगो वैदेशिक लगानीको आधार तयार मात्र गरेका छैनन्, पुनः लगानीमार्फत लगानीकर्ताको विश्वास पनि बढाएका छन् । उदाहरणका लागि, डाबर नेपालले २०२३ मा गरेको ९ अर्ब ६८ करोड रूपैयाँको पुनःलगानीले अन्तराष्ट्रिय बजारमा नेपाललाई विश्वसनीय गन्तव्यको रूपमा स्थापित गर्नुका साथै सकारात्मक संकेत दिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसंघजस्ता संस्थाहरूले लगानीमैत्री वातावरणका लागि सम्मेलन, क्षेत्रगत संवाद र निजी-सार्वजनिक परामर्शमार्फत लगानीका वातावरण सुधारका लागि पैरवी गर्दै आएका छन् । सार्वजनिक-निजी संवादमार्फत यी संस्थाहरूले कर प्रणाली सुधार, भन्सार सरलीकरण र व्यवसाय दर्ता तथा लाइसेन्स प्रक्रियाको डिजिटलाइजेसनका लागि सरकारसँग आवश्यक सहकार्य तथा पैरवी गरेका छन् ।

निजी क्षेत्रले सूचना प्रविधिमा आधारित स्टार्टअपका लागि न्यूनतम लगानी सीमा हटाउने सरकारी कदमलाई समर्थन गरेका छन्, जसले प्रविधि-केन्द्रित क्षेत्रमा विदेशी लगानीको बाटो खुला गरेको छ । साथै, जलविद्युत्, पर्यटन, कृषि-प्रशोधन र निर्माण क्षेत्रमा पीपीपी मोडलमा आधारित परियोजनामा निजी क्षेत्रको बढ्दो चासोले विदेशी लगानीकर्तालाई आकर्षित गरेको छ ।

तर, यी प्रयासहरूका बाबजुद नेपालको आर्थिक कूटनीति अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन । लगानी र व्यापार सम्झौतामा ढिलाइ, द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बीप्पा), दोहोरो कर हटाउने सम्झौता, वैदेशिक विनिमय जोखिम व्यवस्थापनका लागि चाहिने औजार र उपकरणको अभावले बजार पहुँच विस्तारमा सुस्त प्रगति भएको छ । यसले वैदेशिक लगानी परिचालन गर्न अवरोध सिर्जना भएको छ ।

यस्तै राजनीतिक अस्थिरता र कर प्रशासनका कारण लगानीकर्ताको विश्वास कमजोर हुँदा निजी क्षेत्रको प्रभाव कमजोर देखिएको छ । विदेशस्थित नेपाली दूतावास र कूटनीतिक नियोगहरूले व्यापार तथा लगानी प्रवर्द्धन गर्न लक्षित कार्यक्रम वा रोडशोमार्फत नेपाललाई लगानी गन्तव्यका रूपमा स्थापित गराउन पर्याप्त रूपमा प्रचार-प्रसार गर्न सकेका छैनन् । समग्रमा नेपालमा निजी क्षेत्रको सक्रियताको प्रयासमा निजी क्षेत्रको छाता संस्थाहरूको योगदान प्रशंसनीय भए पनि नीतिगत स्थिरता, छिटो तथा छरितो कार्यान्वयन, र प्रभावकारी आर्थिक कूटनीतिबिना यी पहलहरू दीर्घकालिन रूपमा वैदेशिक लगानीका लागि नेपाललाई आकर्षक र प्रतिस्पर्धी बनाउन कठिन देखिन्छ ।

राष्ट्र बैंकको तथ्यांकअनुसार सन् १९९५/९६ देखि २०२२/२३ सम्मको अवधिमा स्वीकृत भएको वैदेशिक प्रत्यक्ष लगानीमध्ये करिब ३५-३६ प्रतिशत मात्र भित्रिएको देखिन्छ । लगानीकर्तासँग निरन्तर संवाद, फलोअप, आवश्यक सहजीकरण गरी प्रतिबद्धता र प्राप्तिबीचको खाडल हटाउन सकिन्छ ।

लगानी स्वीकृत भएपछि पनि लगानीकर्ताले सामान्य प्रशासनिक प्रक्रिया पूरा गर्न ६-१२ महिना खर्च गर्नुपर्छ, जसका कारण कतिपय परियोजना अघि बढ्दैनन् । यसका लागि वास्तविक समयको अवस्था देखाउने गरी एकीकृत लगानी ट्र्याकिङ ड्यासबोर्डको अभाव छ । जसका कारण साना-साना प्राविधिक ढिलाइहरू समेत ठूलो समस्या बनेका छन् ।

वैदेशिक लगानीमा अर्को समस्या भनेको मुद्रा सटही र लाभांश पठाउने प्रक्रियामा समेत ढिलाइ पनि हो । सम्बन्धित निकायहरूबाट स्वीकृत भइसकेको लाभांश लैजानका लागि नेपाल राष्ट्र बैंकबाट अनुमति लिन ३-९ महिना समय लाग्छ । आईटी क्षेत्रमा आएको वैदेशिक लगानीको लाभांश पठाउन ढिलाइ भैरहेको छ । यसकारण पछिल्ला लगानी अन्य मुलुकतर्फ सरेको पनि पाइएको छ ।

### निष्कर्ष

लगानी सम्मेलनहरूमा आएका सबै इच्छा, चाहना वा आशय, प्रतिबद्धतामा परिणत भई कार्यान्वयनमा जान्छन् भन्ने हुँदैन । सम्मेलनहरू प्रायः लगानीको वातावरणलाई उजागर गर्ने अवसर हो । लगानी प्रतिबद्धतापछिको प्रभावकारी सहजीकरण र नीतिगत स्थिरताको कमी पनि ठूलो चुनौती हो । नेपालमा वैदेशिक लगानीकर्तालाई लगानीपछिको समस्याको समाधानका लागि कुनै विशेष संयन्त्र छैन ।

वैदेशिक लगानी पाइपलाइन व्यवस्थापनको पनि अभाव छ । प्रतिबद्धता, स्वीकृति, कार्यान्वयनदेखि विस्तारसम्मको परियोजनाचक्र ट्र्याक गर्ने आधिकारिक ड्यासबोर्ड छैन । एकपटक स्वीकृति पाएपछि परियोजना लगानीकर्ताले सक्रिय रूपमा अघि नबढाएसम्म प्रशासनिक प्रक्रियामै हराउने अवस्था छ । यी समस्या समाधान गर्न आवश्यक छ ।

*(भट्ट लगानी बोर्ड नेपालका पूर्वप्रमुख कार्यकारी अधिकृत हुन् ।)*




अपि पावर कम्पनी लिमिटेड
**API POWER COMPANY LIMITED**
4th Floor, Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal
Tel: +977-01-5111093,
Email : info@apipower.com.np, apipowercompany@gmail.com
Website : apipower.com.np


Citizens
DiZi Bank
Your Digital Banking Hub. Anytime, Anywhere
BANK OF THE YEAR 2024
Citizens DiZi Bank
Your Partner For Progress
THE BANKER
BANK OF THE YEAR
2024
NEPAL
THE BANKER
BANK OF THE YEAR
2025
NEPAL
Citizens Bank
Your Partner For Progress
सिटिजन्स बैंक
इन्टरनेसनल लिमिटेड
01 5970068
Support@ctznbank.com
www.ctznbank.com









# पैसा बाँड्ने हातमा 'राहदानी': आन्तरिक रेमिट्यान्स बन्दपछि हजारौं एजेन्ट विदेशिन बाध्य

ग्रामीण भेगमा अझै बैंकिङ सेवा सहज छैन । कतिपय स्थानमा नजिकको बैंकसम्म पुग्न दुईदेखि तीन दिनसम्म पैदल हिँड्नुपर्ने अवस्था छ ।

जुन हातहरूले हिजो रेमिट्यान्सको पैसा थमाइदिँदै गाउँलेको ओठमा मुस्कान छर्थे, आज तिनै हातहरू खाडीको भिसा कुरिरहेका छन् । राष्ट्र बैंकको एउटा नीतिले ग्रामीण भेगको मजबुत 'वित्तीय मियो' यसरी भत्काइदियो कि, हजारौं स्वरोजगार युवाहरू आफ्नै सटरमा ताल्चा ठोकेर विदेशिन बाध्य भएका छन् ।

नेपाल राष्ट्र बैंकले आन्तरिक रेमिट्यान्स कारोबारमा रोक लगाएपछि देशभरका हजारौं रेमिट्यान्स एजेन्टहरूको व्यापार धरासायी बनेको छ । यसले आन्तरिक कारोबार तीव्र रूपमा घटेको त छ नै, व्यवसाय टिकाउन नसकेर एजेन्टहरू एकपछि अर्को गर्दै धमाधम व्यवसाय बन्द गरेर विदेश पलायन भइरहेका छन् । जसको प्रत्यक्ष असर ग्रामीण भेगका सर्वसाधारणमा परेको छ ।

यस्ता एजेन्टहरूले विदेशमा रहेका लाखौं नेपालीले पठाएको रकम ग्रामीण भेगका सर्वसाधारणसम्म पुऱ्याउने मियोका रूपमा काम गर्दै आएका थिए । पछिल्लो समय, समयमै रकम नपुगेको गुनासो बढिरहेको छ ।

### 'दैनिक ८० करोबारबाट १० मा'

कुनै समय एउटा रेमिट्यान्स काउन्टरबाट दैनिक ८० देखि ९० वटा आन्तरिक तथा वैदेशिक रेमिट्यान्स भुक्तानी हुने गर्दथ्यो । राष्ट्र बैंकको पछिल्लो नीतिपछि यो संख्या १०-१५ मा खुम्चिएको छ । घरभाडा, कर्मचारीको तलब, इन्टरनेट, विद्युत्, उपकरण र करजस्ता अनिवार्य खर्च धान्न नसक्ने अवस्था आएपछि सटर बन्द गर्नुको विकल्प नरहेको एजेन्टहरूको भनाइ छ ।

यसबाट एकातर्फ स्वरोजगार युवाहरू विदेश पलायन हुन बाध्य भएका छन् भने अर्कोतर्फ काउन्टरमा कार्यरत हजारौं कर्मचारी बेरोजगार बनेका छन् ।

देशभर दर्ता भई आन्तरिक राजस्व तथा स्थानीय कर बुझाउँदै विप्रेषण कम्पनीका साझेदारका रूपमा काम गर्दै आएका एजेन्टहरूले विगत लामो समयदेखि दुर्गममा वित्तीय सेवा पुऱ्याउने महत्वपूर्ण भूमिका खेलेका थिए । बैंक तथा डिजिटल सेवाको न्यून पहुँच भएका स्थानमा उनीहरूकै माध्यमबाट रेमिट्यान्स रकम भुक्तानी हुँदै आएको थियो । तर आन्तरिक रेमिट्यान्सको कारोबार बन्द भएको र विदेशबाट आउने पैसा पनि डिजिटल माध्यम प्रयोग गर्न रेमिट्यान्स कम्पनीले नै प्रोत्साहन गर्दै गएपछि व्यापार घटेर एजेन्ट सेवा बन्द हुने अवस्थामा पुगेका हुन् ।

### राष्ट्र बैंकको तर्क- हुन्डी कारोबार स्वाट्टै घट्यो

केन्द्रीय बैंकले २०७९ माघमा 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन' जारी गर्दै आन्तरिक रेमिट्यान्सको व्यवस्था नै हटाएको थियो । त्यसपूर्व एक लाख रुपैयाँसम्म एक स्थानबाट अर्को स्थानमा पठाउन पाउने व्यवस्था २०७८ फागुनमा परिपत्र जारी गर्दै २५ हजारमा सीमित गरिएको थियो । राष्ट्र बैंकको तर्क थियो–आन्तरिक रेमिट्यान्सको दुरुपयोग तथा हुण्डी व्यवसायसँग सम्बन्ध देखिएको कारण नियमन कडा पारिएको हो । बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलका अनुसार डिजिटल वालेट, अनलाइन बैंकिङ र बैंकका शाखा विस्तारले



सीता बुढाथोकी

> 'कुनै समय एउटा रेमिट्यान्स काउन्टरबाट दैनिक ८० देखि ९० वटा भुक्तानी हुन्थ्यो, अहिले यो संख्या १०-१५ मा खुम्चिएको छ ।'

वैदेशिक रेमिट्यान्स लिन समस्या नपर्ने भएकाले पुरानो प्रणाली आवश्यक नभएको हो ।

राष्ट्र बैंकले आन्तरिक रेमिट्यान्सको कारोबार बन्द गरेपछि हुन्डीबाट हुने कारोबार पुरै घटेको स्रोतले बताएको छ । 'आन्तरिक कारोबार खोल्दा सकरात्मक पाटो भन्दा धेरै नकरात्मक पाटोहरू छन् । आन्तरिक रेमिट्यान्सको कारोबार




बन्द गरेपछि हुन्डीबाट हुने कारोबार स्वाट्टै घटेको थियो,' स्रोतले नेपाल क्लिक्सलाई भन्यो, 'पहिला पहिला बैंकका शाखा सबै जिल्लामा पुगेका थिएनन् । त्यसैले आन्तरिक रेमिट्यान्स कारोबार आवश्यक थियो । अहिले सबै जिल्लामा बैंकका शाखाहरू पुगेकाले आन्तरिक रेमिट्यान्सको कारोबार खासै जरुरी छैन ।'

## 'तर गाउँको वास्तविकता फरक'

तर वास्तविकता भिन्न छ । ग्रामीण भेगमा अझै बैंकिङ सेवा सहज छैन । कतिपय स्थानमा नजिकको बैंकसम्म पुग्न दुईदेखि तीन दिनसम्म पैदल हिँड्नुपर्ने अवस्था छ । मोबाइल एप, वालेट र डिजिटल कारोबार गर्न सबैले जान्दैनन् । यस्तो अवस्थामा आन्तरिक रेमिट्यान्स बन्द हुँदा गाउँघरमा बस्ने सामान्य परिवार सबैभन्दा धेरै प्रभावित भएका छन् ।

विदेशमा काम गर्ने श्रमिकले महिनौँ पसिना बगाएर पठाएको रकम समयमै हात पर्ने र सुरक्षित तरिकाले खर्च गर्न पाउने अवसर झनै घटेको छ । सेना, प्रहरी, हाइड्रोपावर, सडक निर्माण र अन्य परियोजनामा काम गर्न गाउँबाट शहर पुगेका युवाहरूले पनि घरमा पैसा पठाउन कठिनाइ भएको गुनासो गरेका छन् । पहिलेजस्तै नजिकैको एजेन्टमार्फत रकम पठाउन नपाएर उनीहरूले बैंकसम्म पुग्न लामो समय खर्च गर्नुपरेको छ ।

नेपाल रेमिटर्स एसोसिएसनका अध्यक्ष रितेश मित्तलका अनुसार आन्तरिक कारोबार खुलेको वेला कम्पनीलाई भन्दा बढी एजेन्टहरूलाई फाइदा हुन्थ्यो । पहिले 'क्यास पिकअप ट्रान्जेक्सन' करिब ७० प्रतिशतसम्म हुने गर्दथ्यो । अहिले ३० प्रतिशतमा झरेपछि एजेन्टको आम्दानी आधाभन्दा धेरै घटेको उनी बताउँछन् । धेरै एजेन्टहरूले कम्पनीमा सेवा बन्द गर्ने निवेदन दिएका छन्, जसका कारण देशभरको रेमिट्यान्स सेवा सञ्जाल कमजोर बन्दै गएको छ ।

## वित्तीय पहुँच घट्दै

वित्तीय पहुँच विस्तारमा आन्तरिक रेमिट्यान्सले महत्वपूर्ण भूमिका खेलेको विशेषज्ञहरू बताउँछन् । बैंक नभएका स्थानमा विप्रेषण काउन्टरले 'माइक्रो बैंकिङ' जस्तै सेवा प्रदान गर्दै आएको थियो । तर अहिले वैदेशिक कारोबार मात्रले चल्ने काउन्टर अत्यन्तै सीमित बचेका छन् । यो अवस्थामा हजारौँ युवा, महिला तथा स्थानीय समुदायमा आर्थिक गतिविधि घटेको छ ।

काउन्टर बन्द भएपछि विदेशबाट आएको र कम लिन घण्टौँ पैदल हिँड्नुपर्ने, लामो लाइन बस्नुपर्ने र कहिलेकाहीँ रकम भुक्तानी नै नपाएर फर्किनुपर्ने समस्या बढेको छ । राष्ट्र बैंकले भने आन्तरिक रेमिट्यान्स पुनः सुरु गर्नेबारे कुनै छलफल नभएको स्पष्ट पारेको छ ।

विदेशबाट पठाइने रेमिट्यान्स नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिन्छ । आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामै दुई खर्बभन्दा बढी रेमिट्यान्स भित्रिएको छ ।

अबको समय डिजिटल रूपान्तरणको समय भए पनि भौगोलिक विकटता, बैंकिङ पहुँच र जनचेतनाको स्तरलाई ध्यान नदिई लिइएका यस्ता नीतिले ग्रामीण अर्थतन्त्रलाई झन् सुस्त बनाएको छ ।



## Promise to change lives for better

### PIONEER IN HYDRO POWER DEVELOPMENT, SINCE 1965

- Butwal Power Company (BPC) is one of the leading companies in Nepal's power sector with generation and distribution as its core business areas.
- Incorporated in 1965 as private company, converted into public limited company in 1993 and privatized by the Government of Nepal in 2003.
- BPC has a track record of pioneering multi-faceted capacity building initiatives in hydropower development.
- Through its subsidiary and associate companies, BPC is engaged in development, operation & maintenance of power plants, electricity distribution, consulting, research & engineering of hydropower and infrastructure projects, manufacturing and repair of hydro-mechanical and electro-mechanical equipment for power plants.

| | |
|---|---|
| **Direct:** | **Plants under Operation:**<br>➢ Andhikhola Hydropower Plant, 9.4 MW<br>➢ Jhimruk Hydropower Plant, 12 MW<br>**Projects under Development:** |
| | ➢ Chino Hydropower Project, 7.90 MW<br>➢ Jhimruk Solar Project, 7 MW<br>➢ Mugu Karnali HEP, 160 MW |
| **Subsidiaries:** | **Plants under Operation:**<br>➢ Khudi Hydropower Plant, 4 MW<br>➢ Nyadi Hydropower Project, 30 MW |
| | **Project under Construction:**<br>➢ Kabeli – A Hydropower Project, 37.60 MW |
| **Investments:** | **Plant under Operation:**<br>➢ Khimti – I Hydropower Plant, 60 MW |
| | **Projects:**<br>➢ Manang Marsyangdi HEP, 135 MW<br>➢ Lower Manang Marsyangdi HEP, 139.2 MW<br>➢ Upper Marsyangdi-2 HEP, 327 MW |
| **Services:** | ➢ BPC Service Limited<br>➢ Hydro-Consult Engineering Ltd.<br>➢ Nepal Hydro & Electric Ltd.<br>➢ Hydro Lab Pvt. Ltd.<br>➢ Nepal Power Exchange Ltd. (NEPEX) |

bpc
BUTWAL POWER COMPANY LIMITED

**BUTWAL POWER COMPANY LIMITED**
P.O.Box. 11728, Gangadevi Marga - 313
Buddha Nagar, Kathmandu, Nepal
Tel: 977-1-4791776, 4794026, 4790994
E-mail: info@bpc.com.np

ISO 9001, 14001 & 45001 REGISTERED
DNV Certification B.V., The Netherlands
ISO 9001:2015, 14001:2015 and OH&S 45001:2018 Certified

www.bpc.com.np

# मध्यपूर्वमा युद्धको राप र रेमिट्यान्सको भविष्य

**मध्यपूर्वमा चुलिएको द्वन्द्वले त्यहाँ पसिना बगाइरहेका लाखौं नेपालीको सुरक्षामा मात्रै प्रश्न उठाएको छैन, देशको अर्थतन्त्रको मेरुदण्ड मानिने रेमिट्यान्समा समेत अनिश्चितताको बादल मडारिदिएको छ ।**

विगत केही समयदेखि इरान र अमेरिकाबीचको टकरावका कारण मध्यपूर्वको शान्ति खल्बलिएको छ । यसको प्रत्यक्ष असर साना अर्थतन्त्र भएका नेपाल जस्ता मुलुकमा देखिनु स्वाभाविक छ । मध्यपूर्व नेपाली श्रमिकका लागि दशकौंदेखि प्रमुख गन्तव्य रहँदै आएको छ । एकातिर लाखौं श्रमिकको सुरक्षा चासो छ भने अर्कोतिर देशको चल पुँजीको मुख्य स्रोत रेमिट्यान्सको भविष्य प्रभावित बनेको छ ।

त्यस क्षेत्रमा श्रमका लागि पुगेका लाखौं नेपाली, त्यहाँबाट आप्रवाह हुँदै आएको मात्रात्मक तथा गुणात्मक रेमिट्यान्स तथा नेपाल आउने र जाने हवाई मार्गको मुख्य ट्रान्जिट स्थल ! सानो अर्थतन्त्र भएको मुलुक नेपालको साविक दैनिकी प्रभावित तुल्याउन यस्ता अवरोधले धेरै अर्थ राखेका हुन्छन् ।

केही दशकदेखि यता मध्यपूर्व अधिक नेपाली श्रमिकहरूका लागि वैदेशिक रोजगारीमा जाने सजिलो गन्तव्य हो । लाखौंको संख्यामा नेपाली श्रमिक रहँदै आएको मध्यपूर्व अनिश्चितकालिन द्वन्द्वको चपेटामा पर्दा स्वयं खाडी क्षेत्रमा रहेका श्रमिकको सुरक्षा चासो र चिन्ता एकातिर विद्यमान छ भने अर्को तर्फ त्यस क्षेत्रबाट आप्रवाह हुँदै आएको रेमिट्यान्सको भविष्य पनि प्रभावित बनेको छ । चल पुँजीको मुख्य स्रोत रेमिट्यान्स प्रभावित हुँदा मुलुकको आन्तरिक र बाह्य अर्थतन्त्रलाई गम्भीर धक्का पुग्न सक्ने देखिन्छ ।

त्यस क्षेत्रमा जारी द्वन्द्वले गत फागुनमा सम्पन्न आम निर्वाचनपछि गठन भएको नयाँ सरकारका सामु दुई प्रमुख चुनौतीलाई कसरी सामना गर्ने चुनौती खडा गरिदिएको छ; एक त्यस क्षेत्रका नेपाली नागरिकको सुरक्षा, अर्को आप्रवाह हुँदै आएको चालू पुँजीको मुख्य स्रोत एवं श्रमिकको कमाइ रेमिट्यान्सको भविष्य ।

द्वन्द्व लामो समयसम्म गएको खण्डमा नेपालमा भित्रिँदै आएको रेमिट्यान्स (विप्रेषण) मा असर परेर अर्थतन्त्र र श्रम बजारलाई क्षति पुऱ्याउने जोखिम छ । चालू आर्थिक वर्षको नौ महिना (साउनदेखि चैतसम्म) आइपुग्दा रेमिट्यान्स आप्रवाह ३९ दशमलव १ प्रतिशत वृद्धि भई १६ खर्ब ५९ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १० दशमलव २ प्रतिशत बढेको थियो । यस्तै कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को झण्डै ३४ प्रतिशत बराबरको रेमिट्यान्स प्राप्त भएको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।

नेपालमा भित्रिने कुल रेमिट्यान्स मध्ये चालिस (४०) प्रतिशत हिस्सा मध्यपूर्व क्षेत्रबाट आउने गरेको छ । यसमा खाडी क्षेत्रका दुई देश साउदी अरेबिया र कतारको हिस्सा सबैभन्दा उच्च रहेको छ । यी दुई मुलुकहरूबाट मात्र ११ प्रतिशतको हाराहारीमा रेमिट्यान्स आप्रवाह हुँदै आएको छ । संयुक्त अरब इमिरेट्स (युएई) बाट ७ देखि ८ प्रतिशत र कुवेतबाट ४ देखि ५ प्रतिशत रेमिट्यान्स भित्रिने गरेको सरकारी तथ्याङ्कले देखाएको छ । अन्य गन्तव्य मुलुकहरू जस्तै मलेसिया, दक्षिण कोरिया, जापान तथा अन्य केही युरोपेली मुलुकहरू तर्फ क्षेत्रगत विविधीकरण क्रमशः बढ्दो भए तापनि मध्यपूर्व क्षेत्र अझै पनि नेपालको श्रम गन्तव्य र विदेशी मुद्रा आपूर्तिको ठूलो आधार स्तम्भ बनेको छ ।

यसको प्रत्यक्ष प्रभाव लाखौं आप्रवासी श्रमिकहरूको जीवन र सुरक्षासँग गाँसिएको हुन्छ । क्षेत्रीय द्वन्द्व चर्किँदै गयो वा सैन्य तनाव विस्तार हुँदै गयो भने त्यसले हाम्रा श्रमिकले काम गर्ने कार्यस्थल, तिनका आवास क्षेत्र र सार्वजनिक पूर्वाधार समेत जोखिममा पर्न सक्छन् । कामका लागि विदेसिएकालाई रित्तो हात घर फर्काउनु पर्दा हुने समस्याभन्दा मानवीय क्षति हुन पुग्यो भने रेमिट्यान्सको क्षतिभन्दा कैयौं गुणा पीडादायी बन्न सक्छ ।

रेमिट्यान्स आप्रवाहमा अल्पकालीन व्यवधान आए पनि त्यसको सामाजिक प्रभाव व्यापक हुन सक्छ । किनकि ग्रामीण अर्थतन्त्रको ठूलो हिस्सा नै रेमिट्यान्समा आधारित उपभोग र जीवनयापनमा निर्भर रहेको छ । समग्र मुलुकको गरिबीको दर घटाउन, बालबालिकाको पोषण एवं गुणस्तरीय शिक्षामा रेमिट्यान्सको मुख्य योगदान रहेको छ । विपन्न गरिबीको अत्यास लाग्दो चक्रलाई तोड्न अझै पनि रेमिट्यान्स अपरिहार्य छ ।

द्वन्द्वले प्रभावित हुँदै जाँदा ठूलो सङ्ख्यामा श्रमिक एकै पटक स्वदेश फर्किन बाध्य हुन सक्ने भयावह अवस्थालाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ ।





दिवाकर पौडेल



फलतः, घरेलु श्रम बजारमा बेरोजगारी चाप बढ्छ, राष्ट्रिय आम्दानी एक्कासि घट्छ र सामाजिक सुरक्षा तथा प्रबन्धमा चुनौती थपिन्छ ।

यी समस्याहरूको समाधान आजको आजै सम्भव छैन । रेमिट्यान्सलाई उपभोगमा सीमित नराखी उत्पादनशील लगानी, उद्यमशीलता र पुँजी निर्माणसँग जोड्नु नै यसको दीर्घकालीन समाधान हो । आशा गरौँ, नयाँ सरकारले त्यसको लागि दीर्घकालीन रणनीति अवलम्बन गर्ने नै छ । अहिलेलाई कामना गरौँ, नेपालको चौतर्फी भविष्यसँग प्रत्यक्ष गाँसिएको मध्यपूर्वमा जारी तनाव शान्तिपूर्ण ढङ्गले समाधान होस् ।

विश्व अहिले एकै देश जस्तो भएको छ, अवसरहरू बढेका छन्, श्रम जनशक्तिमा सीपयुक्त जनशक्ति पनि थपिएको छ । अवसरको खोजीमा विदेश जानेलाई नजाऊ भन्न सकिँदैन, विदेश जाने क्रम आगामी दिनमा पनि कम हुन्छ भन्ने लाग्दैन त्यसैले रेमिट्यान्सलाई नै उत्पादनशील क्षेत्रमा कसरी आकर्षित गर्ने भन्ने स्पष्ट नीतिगत व्यवस्था आजको आवश्यकता हो । जसका लागि राज्यको आधारभूत तह स्थानीय स्तरबाट नै जिम्मेवार बन्ने बनाउने संयन्त्र निर्माण हुनुपर्छ । यो अलि बृहत् मुद्दा हो जसको विषयमा अलि विस्तारमा कुरा गर्नुपर्छ ।

देशका पौरखी युवाले देशको सिमानाभित्र अर्थात् स्वदेशमै पसिना चुहाएर आफू पनि पालिने र परिवारको भरथेग पनि गर्न सक्ने अनुकूल वातावरण नेपालीले दुर्भाग्य नै भन्नुपर्छ अहिलेसम्म पाएकै छैन । शासनसत्ताको अदलीबदलीसँगै जनापेक्षित यस्ता आधारभूत मुद्दा कहिल्यै सम्बोधन भएनन् । देशका नागरिकलाई आयआम्दानी र पेसा-रोजगारीको अवसर उपलब्ध गराउने न्यूनतम जिम्मेवारीबाट राज्य पटकपटक चुकेको छ । यसको सिधा असर काम गर्ने उमेरका युवामा बढ्ता पर्छ । देश, समाज र परिवार छाडेर प्रवासिन्छ र आफ्नो उर्वर उमेरको अधिक हिस्सा विदेशमै बिताउँछ । उमेर घर्किन्छ, स्वदेश फर्किन्छ । उ सँग बचत पनि हुँदैन, विदेशी भूमिको चर्को श्रमले थकित शरीर विस्तारै थलिन्छ । उपचार आदिइत्यादि जस्ता सामाजिक सुरक्षाका लागि राज्यले दायित्व वहन गर्नुपर्ने अवस्थामा त्यो नागरिक आइपुग्छ । आफ्नो देशका नागरिकहरूको यस्तो उल्टो चक्रीय प्रणालीको अन्त्यका लागि रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्ने सरकारको पहलकदमी आजको अपरिहार्य आवश्यकता हो ।

नयाँ सरकारले जुन सोच र गतिका साथ काम गरिरहेको छ, परिवर्तित समयलाई आत्मसात् गर्ने प्रविधि जानेको देश विदेश पढेका युवाहरूको उत्साहजनक सहभागिता मन्त्रिमण्डलमा छ, यस्तो अनुकूल अवस्थामा लामो समयदेखि बहसमा आएको रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्ने एउटा निश्चित ठोस कार्ययोजना पनि प्राथमिकतामा राख्नु विदेशमा श्रम गरिरहेका लाखौँलाख युवाहरूका लागि एउटा महत्त्वपूर्ण सम्बोधन हुने नै छ । त्यसका अतिरिक्त देशको दीर्घकालीन आर्थिक विकासमा एउटा अर्को स्रोतको व्यवस्थापन पनि जोडिनेछ । त्यसका लागि सेवारत रेमिट्यान्स कम्पनीहरूको अस्तित्व रक्षा पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

रेमिट्यान्स ज्यादै कम व्यवसायको स्रोत भएको क्षेत्र हो । जसको एउटा मात्र काम छ, विदेशबाट नेपालीले पठाएको पैसा उसको आफन्तसम्म पुऱ्याइदिने, एकप्रकारले मध्यस्थकर्ता । यस्तो संकुचित व्यवसायको क्षेत्रमा पनि बैंक तथा वित्तीय संस्थाले काम गरिरहेका छन् । एक वा सोभन्दा बढी क्षेत्रमा काम गर्न पाउने बैंक तथा वित्तीय संस्था रेमिट्यान्स सेवाप्रदायक कम्पनीसँग एउटै मैदानमा भिड्दा रेमिट्यान्स क्षेत्रको अस्तित्व विस्तारै सङ्कटमा पर्छ कि? भन्ने एक खालको संशय हामीमा छ । यस्तो परिस्थितिमा रेमिट्यान्स कम्पनीहरूलाई वर्गीकरण गरेर हैसियत अनुसारको काम गर्न दिँदा रेमिट्यान्स सेवाप्रदायक कम्पनीहरूले आफ्नै मैदानमा थप जिम्मेवार भएर काम गर्न सक्छन् कि? त्यो परीक्षणको मौका मिलोस् भन्ने नै छ ।

सरकार आर्थिक वर्ष २०८३/८४ को बजेट लेखनको तयारीमा जुटेको छ, प्रवासिएका श्रमिकहरूमा अप्रत्याशित आइलागेको युद्ध र त्यसले निम्त्याएको सुरक्षा चिन्तासँग सम्बन्धित मुद्दाहरूको एकएक प्रत्यक्ष सुनुवाइ त्यो आर्थिक दस्तावेजमा सम्भव नहोला तर, रेमिट्यान्स र कमलाई उद्यमशीलता एवं उत्पादनशील क्षेत्रमा आकर्षित गरी कसरी दीर्घकालीन लाभ हासिल गर्न सकिन्छ भन्ने आशयको एक मुख्य प्रस्थान विन्दु अवश्य बन्न सक्छ भन्ने कुरामा हामी विश्वस्त छौँ ।

*(रेमिट्यान्स क्षेत्रमा झण्डै ३ दशकदेखि सेवारत लेखक पौडेल आइएमईका प्रमुख कार्यकारी अधिकृत हुन् ।)*

# One Stop Solution

for **Hydropower** Projects and **Construction** Industries




## Looking for safe, reliable, and compliant explosive supply for your project?

**Synex Power Pvt. Ltd.** is your trusted partner - offering complete solutions from procurement to delivery.

- Regulatory Compliant
- Industry-Trusted Supplier
- Safe Handling & Timely Delivery
- Experienced Team, Nationwide Reach

The principles and standards of Synex Power have made the company one of the reputed trading organizations in its sector and we are able to satisfy all our clients who are based in Nepal.

Synex Power PVT. LTD.

Sanepa-2, Lalitpur, Nepal
+977-1-5405566 / 9851095536
info@synexpower.com
synexpowernepal@gmail.com
www.synexpower.com


SHANTA
PLYWOOD LIMITED
LIVE BEAUTIFUL
CALDERONE
Where
Durability
Meets
Design
Premium Quality Plywood
Built for Durability
Sustainable & Eco-Friendly
Perfect For Modern Living
Strong Foundation.
Beautiful Creations.


SIDDHARTHA CARE 24/7
01-5970020
customercare@sbl.com.np
OPEN A SAVING ACCOUNT OF YOUR CHOICE INSTANTLY
GO DIGITAL
Apply Online
Complete Video KYC
Start Banking Instantly
14:24
Online Account Opening
SiddharthaBank
ONLINE A/C SUPPORT: Siddhartha Care: +977 01-5970020
Follow us on
Open A New Account Online
Tutorial Video for Online Account Opening
Documents Required
Nepalese Citizen
Photo
Relationship Forever
SiddharthaBank
www.siddharthabank.com
SCAN HERE TO OPEN AN ACCOUNT

Bhote Koshi Power Company Pvt. Ltd.

A Pioneering Independent Power Producer in Nepal



Tahachal, Kathmandu, Nepal
www.bhotekoshi.com.np